# ऐतिहासिक पत्रस्तम्भ

नं. ४३४

स्वस्ति श्री सर्वोपमाजोग्नेत्यादि सकलगुणगरिष्ट राजभारोद्धरणसमर्थेषु श्री श्री श्री जर्नेल भिमसिंह थापा श्री काजि रणधोज थापाका चरणतलेषु इतः श्री सुवेदार भक्तवत्सल मल्लको सलामपुर्वक पत्रमिदम् ईत निकः ताहां सर्वदा चरण कुसल मंगल भया हाम्रो प्रतिपाल उद्धार होला: आगे ईहाको स्मचार पावका सुजसले भलो छ: उप्रान्त लख्नौका हवालका अर्थलाई वडासाहव कान्पुरमा आउदा नवाव गर्जुदि हैदरले २०।२२ हात्ति ६०।७० उम्दा घोडा सुनाचादिका हौदा अमारिले सिगारी पाल्कि मिआना पिनस तयार गरि लिन पठायछ: पछि कान्पुरमा वडासाहेव आयापछि सरसौगात भारि सरजाम लि भेट्न भनि नवाव गयेछः गंगाका पुल्देषि फिरंगिका लस्कर सहरमा अस्रफि रुपया छर्दै वडासाहेबसित भेट गऱ्यो: उस विचमा ६०।७० हजार लस्कर नवाफका साथमा सामेल भयेछ फिरंगिका साथमा पनि तिन् पल्टन् काला २ पल्टन् गोरा ज्मा ५ पल्टन् साथ रह्याछन् पछि लष्नौमा नवाफ फिऱ्यापछि जापतका सरजाम तिन् ३ कोसका गिर्दमा छौनी वनाउन लागिरहेछ २ तरफका लस्कर सामेल हुन लागिरहेछन् देस देसबाट पनि सरसौगात लि उकिलहरू आया भन्न्या षवर छं. तहकिति गर्न हल्कारा लष्नौ वैढाईञ्चसंम पठायाको छ जो तहाकिति हवाल आवला चरणमा विन्ति गरि पठाउला: मुलुकका अर्थलाई जमायाको पनि छ जम्न्या पनि छ: कंपनि हातहतियार नाल साफ गरिरह्याछु वाकि १ पट्टिलाई षान्गि रह्याको छः गुन्जार भयापछि १।२ वर्समा पुग्न्याछः येस जग्गा वक्सनु भयाको छ तपनि चरणका कृपाले हो: म चरणैका आधारमा छुः वहुत काहातक अर्ज गरुः जाप्रमिन जगत्का माहातारि कल्पव्रीक्ष हुनुहुन्छ: किम्मधिकम् विज्ञेषु इति संवत् १८७१ साल् मीः कार्तिक वदि २ रोज १ मोकाम पदनाहगढि शुभम् – – –

दसैंको टिकाभेटि चह्राई पठायाको छः – – – – –

–०–

नं. २२०

| श्री हरिद्वार | श्री षामिद |
|---|---|
| १ | २ |

स्वस्ति श्री सर्वोपमायोग्यत्यादि सकलगुणगरिष्ट राज्यभारोद्धरणसामर्थ श्री ३ जनरल दाज्यू भीमसेन थापाकेषु श्री कुलमानसिंह वस्न्यातकस्य सेवापूर्वकपत्रमिदम्. आयां कुसल ताहां कुसल चाहिये. आगे आहांको समाचार भलो छ उप्रान्त षवर बुझ्न पश्चिम्‌तिर मानिस पठायाका कुरा अघि विन्ति गरि पठायाको हो पद्मनिधि पाध्या र गोविन्द गिरिलाई पठायाको हो. आहाँदेषि कालिकुमाउ सोर निस्की अल्मोडाको वाटो गरि गढ श्रीनगर गै देउप्रयागको वाटो ···१···कुरुक्षत्र गरि सुगाठोर सतरुद्रासंम पुगि आयाछन्. अघि भरतपुर नमर्दै अंगरेजले डिकको किल्ला मछध्वज भन्याको दर्वार मारि उहांका कौडी आपुले षानु गरि उसैलाइ थामि गयाको रलेछ एस पाला भरतपुरमा लडांइ जोरिंदा र डिकले भरतपुरलाई मद्दत दिदा भरतपुर मऱ्यापछि अंगरेजले डिकमा जाइलागेछ. अघि हात लाग्याको किल्ला तलाइ सोपि गयाको हो कुल गरि तैंले भरतपुरलाई मद्दत दिइस् तं कुल्याहै होस् लडाइं दे भन्दा र डिकले तिमिसित हात् जोर्दैनौं सलुक गर्छौं भनी ललोपतो गर्दा वर्षा पनि लागेछ र अंगरेजले डिकसित सलुक गरि भरत-

पुरमा छाउनि राषि अरु लस्कर पाहाड उतारेछ. भरतपुरका राजाकी महतारि भाइ विजक्दार षजांचि भागि अघि रंजित्सिंहसित मिल्न गयाका रह्याछन्. गयाका वैसाषमा उनका साह पाइ डिक् र अडेरका किल्लादारले किल्लाको मजबुति गरि सिंहसित मिल्न जांदा र अंगरेजले कस्मिर मंडि कुल्लु चंपा गुलेरका राजारजौटालाई फोन्र्या कुरा हाल्दा उता कल् हाली एताको चढाइ गर्न मनसुबु गरि आयाको लाठसाहेवले उताको मोहडा फिरायछ लुध्यानामा गै वसिरहेछ. त्यो कुरा सुनि १ लाष फौज ली रंजित्सिंका छोरा षड्गसिंह सतरुद्राका किनारा फुलवट भन्याका किल्लामा आइरहेछ लडन तयारी भयाको छ. २ लाष फौज ली मद्दत दिन रंजित्सिं लाहुरदेषि १० कोसमा आइ वसिरहेछ अंगरेजको र सिंहको लडाइ जोरिन्छ. गंगौलीको पनेरु पल्टनका ३ कंपनि पनि झिकाथो. मेजरसमेत् ३ साहेव ४ कंपनी हवालवाग्मा छ. जर्नेलसमेत ५ साहेव ४ कंपनि सुगाठोरमा छ. ५ साहेव ४ कंपनि गुरुद्वारमा छ. कर्णेलसमेत ६ साहेव कालाका १ कंपनि अल्मोडामा रह्याका छन्. वाजवर्न थापालगायत हाम्रा पहाडी सुवा सुवेदार ज्मादारहरूसित पनि भेट मुलाकात भयथ्यो. हामिले…२…को केहि विगान्याको छैन औसर मौसरले अंगरेजको चढाइ भयो तपनि उस्का पैसा षाइ षर्षजना असवाव हात गरि मुलुक कुह्रिरह्याछौं. औसर मौसरले वारि तर्न्या काम् होला त वेलामा हामि चुक्न्याछौंन भन्छन् भन्या षवर ल्यायाछन्. निस्तुक षवर ताहां आयाकै होला, एतावाट फेरि लाहुरसंमलाइ मानिस् पठाउन तयार गरिराष्याछौं ५।७ दिनमा हिंछन्. अव उप्रान्तको षवर जो होला सो पछि विन्ति गरि पठाउंला अंग्रेजको र सिंहको चिह्लाचिन् होइजान्छ कि सलुक हुन्छ. उताको सलुक राष्यो भन्या एता लाइ आप्नु सैचान गर्नुपर्न्या देषिन्छ. ज्यादा ताहांको वैषवर आप्ना कुसल होस् हामिलाई सिक्षाति लेषतै रहन्या काम् गर्नुभया बढिया होला इति संवत् १८८३ साल मार्ग वदि १२ रोज १ मुः दुल्लु शुभं — — — — — — — — —

—०—

नं. २३१

श्रीदुर्गाजी सहाय

श्री ५ महाराज

स्वस्तिश्री सर्वोपमायोग्य शौर्योदार्यदयादाक्षिण्यादिगुणगणालंकृत राजभारसमर्थ श्री श्री श्री जनरल भीमसेन थापा महाशयेषु तथा श्री श्री श्री काजि रणध्वज थापाकेषु. इतः शुभेच्छु चंद्रशेखर उपाध्यायको शुभाशीर्वादपूर्वकं पत्रं कृपाले आहां आनन्द होला ताहांको आनन्द मंगल सदा सर्वदा चाहिये येहिते प्रभुसेवकजन सवको पालना होला आगे आहांको समाचार यथास्थित छ उप्रान्त श्रावण सुदि ९ रोज ५ का मितिमा ताहांवाट रवांना भयाको चिठि भाद्र वदि ४ रोज ७ का दिन आइपुग्यो पह्रि अर्थ विज्ञात भयो. लाठ साहवसित भेट मुलाकात वातचित भयाको र मिश्रज्यू विराम हुनुभै परलोकी हुनुभयाको विस्तार अघि अघिका अर्जि चिठिले विस्तार बुझ्या गयोहो. मिश्रज्यू जानुभयाको छ १।२ काम निस्कनन् भन्या हामि सवका चित्तमा भरोसा थियो अकस्माद्दैवले एस्तो पार्‍यो चित्तमा बहुत षेद लागिरहन्छ परन्तु आफुले टालि नटल्न्या ईश्वरेच्छाले मात्र हुन्या कुरा हुनाले चित्तमा धैर्य लि संझनुपर्न्या रहेछ सोइ पाठले चित्तलाइ संझाइ आहां भैपरिआयाको र ताहांवाट हुकुम् आज्ञा आयामाफिक् जान्या बुझ्यासंमको टहल गरिन्छ. आहांका अर्थलाई नयो दोस्ति भैरहेछ हाल् इन्को तरह देष्ता ठूलै दोस्ति राष्या जस्तो गर्छन् वढियै छ. दक्षिनीसित वात्चितैले वन्दोवस्त हुन्छ कि कसो हुन्छ सो जैल्हे आहां वात षुल्ला विन्ति गरी पठाउंला. जान् आदम् साहव र सुइन् टीन साहवसित भयाका कुराको विस्तार अघि पर्सिका चिठिमा लेष्याको हो जाहेर भयो हो. सर्कारी कमराको कुरा अघि जान् आदम् साहेवले गन्याथ्या पछि आहां हामिछेउ कसैले भन्याको छैन. वाह्रिरा १।२ मानिस्का जुवानि साविक सिवानामाफिक फलानु जगा नेपालका ……लाई लाठ साहवका हुकुमवमोजिम् पर्वाना अदालत्का कचहरिमा भैरहेछ भन्या कुरा सुनिरह्याछन्. वल्जलि साहव कलकत्ता कूच गन्या हामी गमिले निस्क्याका थिअुन. अवर ताहां विन्ति गरि पठायाको हाजिर्वासिको मुष्तारनामा षलीता र तनुषा भयाको षर्च पनि आइपुग्ला गमि पनि वित्यो कलकत्ता हिंड्दिषेर आहांका अपीलवाला र जज्सित भेट गर्नु छ. तेसैमा इ कुरा पनि गरि जे ठेगान् होला विन्ति गरि पठाउंला. हाति २ पठाइदिनु भयाका हिजो हाजिपुर आइपुग्याछन् आज दानापुर कप्तान् हिल् साहेवछेउ षवर पठाआ. उन्ले मानिस पठाउनिमात्रै हात्ति सौपन्या काम होला. इनहरूका मानिसका जुवानि इ हाथि हालुक्वाडिमा पठाउन्या कुरा सुनिन्छन तर २ हथिनी देष्ता फीलवान् इनहरूका वेस रह्याछन् षुशी हुनन्.

सुइटीन् साहवसित षुकुरीका वीडका प्रसंगमा गैंडा तिम्रा तराइका जंगलमा हुन्छन् भन्दा सुनिन्छ पाल्याका पनि छन कि भन्या वडा साहवले हेर्न्या कुरा चित्तमा राष्या जस्ता डवल्का कुरा गर्थ्या. १ अनुठा घोडाका पनि ताहां कुरा आज्ञा गर्नुभयाको हो सो घोडा आयाको भया तेसका साथमा १ गैंडा पनि पठाउन्या काम भया वढिया हुदो हो भन्या चित्तमा आउंछ जो आज्ञा. मुन्सि अमृतलाल आइपुग्याको षवर अघिका चिठिमा लेष्याको हो विज्ञान भयो हो. दर्माहा थोडो भयो उस् जगामा तेस् दर्माहले कसो गरि निर्वाहि होला भनि आगापीछा गर्छन्. जो अघि तजवीज भयाको गराइवक्सनुभया वढिया होला. मलाइ पनि धेर दिन् जाहां रहन्या काम केहि छैन. षर्च षलीता चांडो वक्सि पठाउनुभया त्यो आइपुग्निमात्र कूच करुला विज्ञेषु किमधिकं मिति भाद्र वदि ६ रोज २ सं. १८७४ साल मुकाम पटना शुभं — — — — — — — — — — — — — — — —

नं. २४७

श्रीदुर्गा

स्वस्ति श्री सर्वोपमाजोग्यत्यादि सकलगुणगरिष्ठ राजभारोद्धरणसामर्थ श्री श्री श्री जनरल साहेव भीमसेन थापाका चरणतल इत श्री वषतसिंह वस्न्यातको सेवापूर्वकपत्रमिदम् इत निक ताहां चरण कुसल भया हाम्रो उद्धार प्रतिपाल होला आगे जाहांको समाचार भलो छ उप्रान्त देसका षवरकन भर्तपुरका राजाले आपना भाइलाइ कइतमा राषि आफ्ना साला दैवान तुल्याइराष्याको रहेछ आफु मऱ्यापछि कइतमा रह्याको भाइले देवान भयाको राजाको सालालाइ मारिकन अंगरेजलाई अव तिमि भर्तपुरको अम्वल गर भनि लेषेछ र भर्तपुरका राजा जो गद्दिमा वस्याकाले पनि आफ्ना फौज वन्दि गरि राषेछ. अंरेजको पनि मिरिटमा वस्याको १० पल्टनमा ६ पल्टन पूर्वतिर गयो ४ पल्टन र अरु ठाउको फौज मथुरामा जंमा भै भर्तपुरमा चढाइ गर्छ भन्या षवर ल्याया. अवप्रान्तको षवर जो मिल्ला सो विन्ति गरि पठाउला वांकि वालषकालदेषि आजसंम चरणैका कृपाले सुषैं गरि आज्यौं. एसतर्फमा आउन्या भर्भारदार हल्कारासमेतको षानादानाको ठेगाना लाग्यो मेरा षानगिका तनुषाको ठेगाना भयेन क्या षाइ रहन्या हो मेहरले जिउन्या हुं जो आज्ञा सो सहि विज्ञेषु किमधिकम् इति सम्वत् १८८२ साल मिति ज्येष्ठ सुदि १० रोज ६ मो. डडेलधुरा शुभं — — — — — — — — —

नं. २५०

ॐ स्वस्ति श्री गौरीशंकरो जयति

ॐ स्वस्ति श्री सर्वोपरि विराजमान समस्तोपमायोग्य समस्तगुणगणालंकृतेषु स्वप्रतापैवसीकृतसमस्तप्रकृतिषु स्वयशोधवलीकृतदशदिगंतेषु भीमकांतनृपगुणैरुपजीविनां अधृष्याधिगम्येषु सामन्तचूडामणिमरीचिभिरलंकृतपादपीठेषु स्वदोर्दंडसंभृतामितवलाकृष्टधनुमौर्वीस्तनितपराजिताखिलारिपक्षेयु इन्द्राद्यष्टलोकपालानां कामवर्षित्वादिगुणगणैर्युक्तेषु यथाकामार्चितार्थिषु अपराधदंडेषु समस्तराजनीत्यानुसाराचरणेन स्वराष्ट्रप्रवर्तितकृतयुगेषु साधुब्राह्मणसेवकेषु श्रीपरभट्टारकेत्यादि श्री श्री श्री श्री श्री महाराजाधिराज राजेन्द्रवीरविक्रम युद्ध शाहदेवेषु इतः श्री गंगाद्वारस्थ श्रीपरमहंसपरिव्राजकाचार्य श्री गोस्वामी श्रवणनाथसमीरिता नारायणस्मरणपूर्वका आशीस्ततयः समुल्लसंतुतराम् समस्त्य तत्रत्यं तत् श्रीपशुपतिनाथप्रसादात्सदैधमानमीहामहेतराम् उदंतस्तु श्रीशिवप्रसादरचना संपन्ना माघ शुक्लपंचम्यां सोमवासरे श्रीशिवादिदेवानां प्रतिष्ठा यज्ञं च भविष्यति तत्र श्रीमतां निमंत्रणपत्रं प्रेषितं श्रीगौरीशंकरेछा एवंविधा जात गजवाहनारोहणरूप अतः अंवावाडी हौदायोग्य उत्तमगजः प्रेषणीयः श्रीमद्भिः मिति भाद्र शुदि त्रयोदशी शुभं भूयात् श्रीः — — — — — — — — — — — —

—०—

नं. १६२

स्वस्ति श्री सर्वोपमाजोग्येत्यादि सकलगुणगरिष्ट राजभारोद्धारणसामर्थ श्री श्री श्री जनरल साहव भीमसेन थापा महासयेषु ईत आज्ञाकारि देउऋषि उपाध्याको वेदोक्त शुभाशीर्वादपूर्वक पत्रमिदम्. जाहां नीक ताहा चरण कुशल मंगल भया हाम्रो प्रतिपाल होला. आगे जाहाको स्माचार भलो छ. उप्रान्त कार्तिक वदि १३ रोज ६ का दीन हाल—

मुरतको पत्र र येही सुदी ३ रोज ४ का दीन पान् चलान् गर्‍याको हो विस्तार दाषिल भयो हो. हालु कुहाडितिर जानाको क्या डवल रहेछ भनी बुझ्नलाई कार्तिक सुदि ४ रोज ५ का दीन दानापुर गज्राथ्या. वाहांको षवर बुझ्दा जानलाई तयारी भन्या छ फलाना दिन कुच हुन्छ भन्या ठेगान भन्या छैन भनी वाहाका मानिसले भन्या. काला गोरा २ पल्टन आहा छन् भन्छन गन्तिमा कति हुनन् भनि बुझ्दा काला हजार जुवान् छन् गोरा पनि १ पल्टन भन्छन् सव हीसाप गर्दा पंध्र सोह्र सय गोरा छन् भन्या कुरा गर्‍या. नजा सिपाही राषन लाग्याको षवर पनि थियो गैं तजवीज गरि लेषियला भन्या पाठले रह्याको थियो. देषियो सय पाचेक भयाछन्. पल्टन भर्ति हुन्छ भन्या कुरा गर्थ्या. हालुकुहाडीतिर काला गोरा क्या कति जान्छन् बुझ्दा गोरा जानाका कुरा छन् पल्टन जान्छ पनी भन्छन् ५ सय गोरा जान्छन् पनी भन्छन् २ सय मात्रै जान्छन् पनी भन्छन् निस्तुक भयाको छैन भन्या कुरा सुनिया षवर बुझीदैछु जेले जति ज़ाला विन्ति गरि पठाउँला. आफुले बुझ्दा अँले येताबाट उस्तो गर्मी देषना सुन्नामा केही पायाको छैन ठंडै देषिन्छ भवितव्य जानी सकोदैन. रंजित्सींले कस्मिर मुल्तान् पेसवर कावेलको तरफ दषल गरि मुलुक तवा गर्दा मुगलहरूले सान्है दुःष पाउंदा तिमिसित हाम्रो दोस्ती वनिरहन्या छ तिमि ताहावाट वढ हामि येताबाट बढचौं. रंजित्सीं लाई उडाउं भनी रुस्का वादसाहले अंरेजलाई लेष्या वलायत् साधिपठायाको छ अरे भन्न्या कुरा पनि दानापुरमा सुनिया. चट्गाउँका तरफ कोई राजा थियो येउटा साई फकिर पनि वडोआदमी थियो. क्या वातमा तक्रार हुंदा ई २ मिली अंरेजको पल्टन मारिदिया. ब्रह्मपुरा गैह्र पुर्वतिरका पल्टन चट्गाउ गया भन्या कुरा पनि दानापुरमा सुनिया. निस्तुक षवर कलकत्तावाट टकसारीज्यूका पत्रले जाहिरै होला. आहा देष्या सुन्याको कच्चि पक्कि षवर विन्ति गरि पठायाको छ अप्सर पर्‍याको छीमा गर्‍याजाला ईति सम्वत् १८८० साल मिति कार्तिक सुदि ६ रोज १ मुकाम पटना शुभम् – – – – – – – –

न. १७९

स्वस्ति श्री सर्वोपमायोग्यत्यादि सकलगुणगरिष्ट राजभारोद्धरणसमर्थ श्री श्री श्री जनरल भीमसेन थापाका चरणतलेषु इत श्री कपतान् करवीर पांडेकस्य पाइलग्गु सतम् पूर्वक पत्रमिदम्. इत नीक ताहा चरण कुसल मंगल आनन्द भया हाम्रो प्रतिपाल उद्धार होला. आगे आहांको समचार भलो छ. माघ वदि ४ मा लेषनुभयाको पत्र ऐ सुदि १५ रोज १ मा आइपुग्यो. विस्तार बुझी सिर चह्राज्यु उप्रान्त ताहाको षैषवर लेषतै रहनु भनि आग्यां आयेछ. वाकी पश्चिमतरफ जान्या सिपाहिहरूले ल्यायाको षवर अघि पनि विन्ति गरि पठायाको हो आजकाल गोदाम षरिद गरि ज्मा गर्न लागिरहेछ. पल्टन पनि ...... तरफ ज्मा हुन लागिरहेछ. तस्अर्थ रंजित्सींका छोरा षड्गसिंलाई भरथपुरको राजाको छोरी दी हातमाला गर्‍या भन्दा सुनिन्छ. जैसिमठमा वसि जगा जगामा गोदाम षरिद सोमानसाहीका भाइछोरा साथमा छन् भन्या षवर ल्याया. षैषवर बुझन पठायाका मानिसले ल्यायाको समचार चरणमा विन्ति गरि पठायाको छ. निस्तुक चरणमा जाहेरै होला तस्अर्थ सिलगढिको षर्षजाना र तोपवन्दुक जिम्मा लायाको थियो तोपवन्दुक र षर्षजाना बुझाई माघका दिन २८ जादा कुच गर्‍यौं हाम्री जस्तो हाल छ चरणमा जाहेरै छ. चरणवाट देषिदिया सर्व वातको उद्धार हुन्याछ विज्ञेषु किमधिकम् इति सम्वत् १८७६ साल मिति फाल्गुन वदि १० रोज ४ मुकाम चलिचलाउ शुभं – – – – – – –

—०—

नं. ३९६

स्वस्ति श्री सर्वोपमायोग्य शौर्योदार्यदयादाक्षिण्यादिषडगुणराजिराजितस्तूयमानकीर्तिराजभारसमर्थ श्री श्री श्री जनरल भीमसेन थापा महाशयैषु तथा श्री श्री श्री काजि रणध्वज थापावरेषु इतः शुभेच्छु चन्द्रशेखर उपाध्यायको शुभाशीर्वादपूर्वकं पत्रं. कृपाले आहां आनन्द छ ताहांको आनन्द मंगल सर्वदा चाहिन्छ. आगे आहांको समाचार भलो छ. उप्रान्त आश्विन वदि १० रोज ५ मा ताहांवाट रवाना भयाको चिठि कार्तिक वदि १ का दिन आइपुग्यो पह्रि अर्थ विदित भयो. काजी रणजोर थापा पैंचिन पुगि साविक दस्तुर ...... को दर्सन हासिल गरी २।३ वर्षका एतातिरका तक्रारले उन्का चित्तमा पैदा भयाको शक् शुभामेटाइ वदस्तुर

सफाइ गरी अर्जीको जवाव तसल्लीनामा वात्साही फर्मानिसाथ लि क्षेमकुशलसित आइपुगि आश्विनका दिन ६ जांदा ···७··· को दर्शन गऱ्याको षवर सुनि चित्तमा षुसी भयो इनहरूका चित्तमा हाम्रा उन्सितका मेलको वड़ो प्रतीत थियेन अव रहेछ भन्या प्रतीत भयो. अतःपर इनले हाम्रा तरफ कैहि नवीन काम गर्नाको तजवीज गर्दा उस्-तरफको समेत समाचार नगरी गर्नैनन् वांकि ताहांको हाल्-सूरत सुन्ना देषुनामा आयाको लेष्तै रहनु भनी आज्ञा आयाका अर्थ अघि सुन्या पायाको षवर आश्विन सुदि ५ का दिन रवाना गऱ्याका पत्रमा लेष्याको हो वाहां उप्रान्त ताजा षवर आजकाल विशेष केहि सुनियाको छैन. कोलंगा-तरफ भन्या जस्ता तरहले सिपाहि षजाना गल्ला अघि जात्थ्यो अरु पनि उसैमाफिक वल्लम्टेर पल्टन् पनि तयार हुंदै जांदैछन्. गल्ला रसद पनि षरिद हुंदै जांदैछ. औ १ लडाइ भै जीत् इन्को भयो निप्टघाको छैन भन्या षवर सहरमा सुनिन्छ मुष्यको जान्या रहन्या कुरा पनि आज-काल केहि सुनिदैन. अलिक दिनमा वलायत्वाट इन्का विवि आइपुग्छन् भन्या कुरा वाजे आदमी गर्छन्. पछि जो देषि-यला विन्ति गरि पठाउंला. आजकालको नया षवर कौस-लमा तजवीज भयाको दुनिआलाइ इलम् तालिम् गर्ना-निमित्त कलकत्तामा १ छापाषाना तयार गरी अंगरेजी फार्सी हिन्दवीका पुराना जो छन् सो पनि वाजे अरु नयां वनाउन लाइकन पनि सव इलमका किताव छपाइ कालेज भन्या १ पह्राउन्या जगा वनाइ उस काममा २५।२० जना अंगरेज हिन्दुस्तानी मौलवी मुन्सी पंडित् मोसद्दि गैरह दर्मा-हदार तैनाथ गरी वलाइती व हिन्दुस्तानी गैरह हर्मुलुकका आदमीमा जसले ज्या इलमको इरादा गऱ्यो उसलाई षाना पहिर्नामाफिक दर्माह दी पह्राउन्या सिषाउन्या र कसैले किताव षरीद गर्न षोज्या उस्लाई लागत दाम लि किताव दिन्या काम जारी गर्नालाई कलकत्ताका अंगरेज हिन्दुस्तानी वकीलाय राजा वाबु नवाव मीर उमराव मर्महाजन वंगाली-हरू पनि आहादेषि टाढाका आप्ना भरअमलका असामी-यानछेउ पनि उन्का षुशीले भले ······ म् जानि ५।५० जो दिन्छन् उसै जगामा तैनाथ हुन्या अंगरेजवाट सालवसाल तहसील गर्न्या १ माहाल षडा गरि उस् कामको षर्च भर्ना-गर्न्या तजवीज भयेछ र एसै वातको दुनिआछेउ मगनी गर्ना लाई हजार १२ सय फर्द एकै मजमूनका छापियाछन् उनै फर्द दफदर्षानावाट वकीलाय मर्महाजन राजा वाबु जो हाजिर थिया उन्लाई पनि दिया भरअंवल् देहातमा पनि पठाया. १ फर्द मुन्सी काज्मलीले हामिलाई पनि दिन पठायो. मुन्सिलाई डाकि उपाध्याजीलाइ एस्को वेवरा सुनाव भनेछ वेउरा वुझयाको थियेन र उतिषेर केहि भन्युन डेरा आइ सुन्दा वुझिया आजकल हाम्रा षुसिले जो दिनु छ सहि गरि आफ्नु नाम् लेष्न भनि कागज् दियाको हो तेस्लाइ क्या भन्छौ भनि सवैछेउ सोध्न लागीरह्याछन्. हामिछेउ भन्याको छैन भन्यादेषि हामि दोस्रा मुलुक्का रइस् आफ्ना षामिदका तावेदार जस् वषत् हुकुम आयो उसै वषत् जान्या औ हाम्रा मजहवलाइ यस इलम्को दर्कार् पनि नाहीं. तसर्थ यो वात हामिवाट कवूल होइसक्तैन भन्या जवाफ दिन आंटघाको छ. एस् मजमूनका फर्द छापि-याछन् भनि दरियापत गर्नालाइ नकल् लेषाइ चह्राइ पठा-याको छ तसैले विदित होला औ वायलु साहवको १ ····· आजकाल वेलाइतवाट आइरहेछ उससित भेट हुंदा ताहां आप्ना दाजुछेउ पठाइदेउ भनि १ चिठि दियो र येसै षतका साथ पठायाको छ पुगला. वाकि हाम्रा अर्थलाइ १ सालको षर्च महिन्दमलिका हिसावले आयोथ्यो षर्च गरियो. दोस्रा सालका ४।५ महिना वढया साहुले पनि दिक् गर्न लाग्या. षान्या पीन्या काम पनि चल्न्या भयेन षर्च देउ भनि मुन्सी गैरह तलवदारहरू पनि दिक्ज्याउन लागिरह्याछन् मेरा पनि षर्चको तंगी भैरहेछ. षर्चको मेहरवानगि नभया त तलव-दारको पनि मेरा पनि षान्या षर्चन्या कामलाई कठिन भयो चांडो आइपुग्न्या गरि मेहरवानगि भया वढिया होला. वाकि आश्विन सुदि १२ का दिन ताहांवाट रवाना भयाको चिठि कार्तिक वदि १४ का दिन आयो पहिं अर्थ विदित भयो. वमदिकदरफको षवर अघि चौतरियावाट आयाको ताहां पठायाको हो उस्पछि कतैवाट आयाको छैन कतैवाट केहि नवीन षवर आया आहांवाट पनि लेषियला. सवै ठाउंको समाचार रोज जोसन् हुन्या जगा तेही छ ताहां पायाको प्रवृत्ति लेष्तै रहनु भनि आज्ञा आयाका अर्थ अघि सुन्या पायाको षवर आश्विन सुदि ५ मा विन्ति गरि पठा-याको हो आजकाल ताजा षवर विशेष सुनिदैन जैल्हे सुनि-यला विन्ति गरि पठाउला. आजकाल जो भया सुन्याको एस चिठिमा माथि लेषियाको छ विदित होला. विज्ञवरेषु किमधिक मिति कार्तिक सुदि ६ रोज ४ संवत् १८७५ साल मूकाम कलकत्ता शुभम् — — — — — — — ——

—०—

नं. १२५

स्वस्तिश्री सर्वोपमाजोग्यत्यादि सकलगुणगरिष्ट राजभारोद्धारणसामर्थ श्री श्री श्री जनरल साहेप भिमसेन थापा महांसयका चरणतलेषु ईतः संगर्दासि रणसुर भडारिको सेवापूर्वक पत्रमिदम्. ईत निक ताहां चरण छम कुसल भया हाम्रो उद्धार प्रतिपाल होला. आगे ज्ञाहांको समाचार भलो छ उप्रान्त भरतपुरको षैषवर पाया सुन्याको विन्ति गरि पठाउला भनि चिठि चह्लाई पठायाको हो. गंगाराम गुनानन्द कुमैंयार हल्कराले कह्याको षवर फिलंगीको र भरतपुरको पुसमा लडाई भयेछ फिलंगीको पल्टन ३२ तुरुक सवार ८ हजार तोप ४ हजार हिन्दुले गाई मार्न्याछैन भनि ५।६ सय गाई वयल् अघि लाई विचविचमा गोराकाला किल्लाभित्र पसि फयेर वोलेछ. भरतपुरले पनि फयर बोलि तरवार हाल्दा फिलंगीको ४।५ हजार षेत रह्याछन् अरु साहेपहरू पनि ४।५ जना षेत रह्याछन्. हांसि साहेपलाई कसैले षेत रह्यो भन्छन् कसैले घा मात्रै लाग्याको छ भन्छन्. भरतपुरको लस्कर डेडलाष रहेछ २।३ हजार षेत् येस्का पनि भयाछन् लडाई भन्या भर्तपुरले जितेछ फिलंगी हृटि किल्लादेषि ८ कोसमा गई वसिरहेछ कुमैया वाहुनहरू ताहां आयाका छन् विस्तार चरन्मा विन्ती गर्न्याछन् हामिहरूलाई आग्या आया दर्सन गर्न आईपुग्दाहौ भनि अघि विन्ति गरि पठायाको हो आग्या आईपुग्निवित्तिकै दर्सन गर्न आईपुगौला विज्ञेषु किमधिकम् ईति सम्वत् १८८२ साल मिति माघ वदि ९ रोज ४ मुकाम सिलगढि सुभम् — — — — — — — — — — —

नं. १८३

श्री दुर्गासहाय

स्वस्ति श्री सर्वोपमायोग्येत्यादि शौर्योदार्यदयादाक्षिण्यादिसद्गुणराजिराजित स्तूयमानकीर्ति राजभारोद्धरणसमर्थ श्री श्री श्री जनरल साहव भीमसेन थापा महांशयेषु ईतः श्री उमाकान्त उपाध्याको शुभाशीर्वादपूर्वकं पत्रम् कुशले आहां कुशल छ ताहांको आनन्दमङ्गल सर्वदा चाहिये आगे आहांको समाचार भलो छ उप्रान्त अरु पाया सुन्याको विस्तार प्रथम श्रावण सुदि १० रोज २ का दिन रवांना गर्‍याको विन्तिपत्र पुगी जाहर भयो हो. गोर्नर अम्हिरष्ट साहव राजमहलतक गयाका हावा षाई तवियत नासाज जो थियो सो आराम भै एस्तरफ फिरी प्रथम श्रावण सुदि ६ रोज ५ का दिन चांनक्मा दाषिल भै ऐ सुदि १४ रोज ५ का दिन कलकत्ता कौसलमा सामेल भया. सिपहसालार जर्नैल पिजिट् साहव पनी राजमहलदेषि पश्चिम गयेनन्. गौर्नर फिर्‍यापछि वाटमा भेट नगरी येतैं आयी हुगलीका १०।८ कोस तफावत् दरियावमा तलमाथि फिर्दछन् भन्या कुरा सुनिन्छ. प्रथम श्रावण सुदि १४ रोज ५ का दिन चौथा प्रहरमा आहांका किल्लामा ६८ आवाज तोप रहुँदस येघार सलक आवाज वन्दुकका भया. क्या हो भनि तहकीत गर्दा मालवाका र राजपुतानाका रजिडन्ट जर्नैल अषतर्लोनी साहव मोकाम् मेरट्मा जुलाई महिनाका पन्ध्रणि तारीष प्रथम श्रावण वदि ३० रोज ६ का दिन फौत भया. कंपनिका षैरषाह पुराना आदमी थिया गौर्नर साहवले वडो गम् गरी उन्का सीन्वमोजिम गमीका तौप ६८ भया भन्न्या कुरा सुनिया अषतलोंनी साहव फौत भयाको मोकाम सीनको विस्तार अंगरेजी हरफका छापाको नकल येसै चिठीमा जान्छ पढाई मोफसील जाहर होला. कालीसंकर घोसाल वंगाली काशीवासनिमित्त वनारसमा वस्याको छ. तसले राजगीका षेतावको जिकर सदरमा गर्‍याको रहेछ. ३ महिनाअघि गौर्नर साहवबाट घोसाल मजकूरलाई षिल्लत् र राजगीको षेताव येतावाट गै वनारसमा अगस्त्यस् बुरुग साहेवले सपुर्द गर्‍या भन्या सुनियोथ्यो सो अषवारले पनि जाहर भयो हो. साल ७९ मा ईरानका वादशाहको वेरादर फतेउल्ला षां कलकत्ता आयामा राजा सुषमैका छोरा वदरीनाथ रायले आफ्ना वागमा फतेउल्ला षांलाई लैगी जाफत् गर्‍याथ्या. षां मजकूर ईरान पुगी वादशाहका तरफवाट वदरीनाथ रायलाई षिल्लत् र राजगी षैतावका सिपारसको षत गौर्नर साहवका नाम्मा पठायाको रहेछ दाषील हुंदा वदरीनाथ रायलाई तफ्तर्षानावाट तिमीलाई राजगीको षेताव मिल्छ भन्या कुरा सुनाया. भन्या कुरा सुनियो दिनन्. आहांका वडाआदमीमा यो हिन्दुस्तानीसंग पनि मेल राष्न्या षुलासा आदमी छ. भरथपुरका वकील मंगलसिं ब्राह्मन् आहां थिया हालका राजा दुर्जनसिंहसंग इन्हेहरूका नवन्दा तफतर्षानावाट वकीललाई तिमिले हाजीर हुंन्या काम छैन भनि दर्वार आउन्या काम छैन भनि मकूफ भयाको महिना अढाई येकको करीव भयो वकील सहरैमा छन्. दर्वार मकूफ भयाको देषुता

यन्हेरूको पनि सफाई भैसकिया जस्तो लाग्दैन. पूर्वको समाचार साविकँवमोजिम छ. वेलाइतवाट आउन्या जर्नेललाई कमवर मैयर साहव र फौजहरू अक्ष आइपुग्याका छैनन्. जाहांउप्रान्त जो सुनियेला पछि विन्ति गरी पठाउँला. मुरलीधर तेवारीकी जेठी बुहारी षसिन्. आसौंचले आजकल आउंदैनन्. विज्ञेषु किमधिक मिति द्वितीय श्रावण वदि २ रोज १ सम्वत् १८८२ साल मोकाम कलकत्ता तुलावाजार शुभम् — — — — — — — — — — — — —

—०—

नं. १८९

स्वस्ति श्री सर्वोपमाजोग्येत्यादि सकलगुणगरिष्ट राजभारोद्धारणसामर्थ श्री श्री श्री जनरल साहव भीमसेन थापा महासयेषु — — — — ईत आज्ञाकारि देवऋषि उपाध्याको वेदोक्त सुभाशीर्वादिपूर्वक पत्रमिदम्. ईत नीक ताहा चरणारवृन्दकुशल मंगल भया हाम्रो प्रतिपाल होला आगे जाहांको समाचार भलो छ. उप्रान्त देसावरका हालसुरतका अर्थ यँगुका ईलाकाको अराकान सहर प्रम सहर सव जमिन् अंग्रेजको अमल दषल वेसै गरि भयो. षुद ब्रह्माका मुलुकमा पनि अंरेजहरू वढ्दाजान्छन् ब्रह्माहरू भाग्दाजान्छन्. गाह सहर दषल गर्नु मात्रै छ सोहवानहरू षुसि छन्. आश्विन कातिकतक सव दषल हुन्छ भन्या कुरा आजकाल जाहापुढो सुनीन्छन्. भरथपुरतीरको हालसुरत पनी पछि उतीरवाट आउन्याहरूसग बुझदा राजा रणधीरसिं मर्दा उनका छोरा दुर्जनसाल वालष थिया गद्दिनसिन हुन सकेनथ्या. मामा वलदेवसिंह भया. आज दुर्जनसालले फौजकसि गरि जवर्दस्तिसग गद्दिनसिन हुदा केही मानिस पनी मारिया वलदेवसिंका कारिन्दाहरू अषतर्लोनी साहवसग गै अंरेजको लस्कर उठाई राज वलदेवसिंको हुन्छ भन्या कुरा अंरेजहरूले गर्दा हामि आपस्का कुरामा तिमिलाई तरफदारि चाहिन्या होईन. तक्रार वढाउनु छ भन्या म पनी तयार छु भनि दुर्जनसालले भन्दा पूर्वको हंगमा विचार गरि साहवानहरूले मुषको लोलोपोतो गरि फौज जाहाताहा विदा गऱ्या. भरथपुरवालाले रुपैंया दियाको होइन भन्या कुरा आजकाल सुनिन्छन्. नरजित्सीं पनि वढ्याको छैन. तयारी छ भन्या कुरा उत्तिकै सुनिन्छन्. उन्को मानिस् टेकारितिर गयाको पटनामा आइरहेछ. उ पनि फेरि हामिसंग आयाको छैन हामि पनि गर्जौंन. आया आज्ञावमोजिम जवाप दीयला. सुन्याको कची पक्की षवर वींती गरि पठाईन्छ. अप्सर पऱ्याको छीमा गऱ्याजाला. छीटहरू पनि १५।१६ दीनमा तयार हुन्छन्. वर्षादको मोसम छ आज्ञा आई चलान् गरियला. उप्रान्त म देसावरमा थियां चरणारवृन्दवाट नीगाह राषि विर्ता वक्सनुभयाको छ सोही नीगाह राषि साध लाइवक्सनुभया प्रति[illegible]ल हुन्याछ ईती सम्वत् १८८२ साल मिति श्रावण वदि ६ रोज ४ मुकाम पटना सुभम् — — —

नं. ३४

अर्जि — — — — — — — — — — — — — — — — —

उप्रान्त हजुरके येकवालसे सेवक अछि तरहसे है हजुरका मिजाज मोवारका षैर आफि अत रातदिन ··१···से चाहते मनेत रहत है आगे ईहाका हाल अैसा है के मी. कार्तिक सुदि १५ रोज १ को धुवांका जहाज २ वोर १ पीनीस् सोनामुषी वोर १ पीनिस् वोर १ षेलना ज्मा ५ पीनीस जहाज वगैरह प्रताट साहेव पहर दिन वांकि रहे पटना पौचे लाट साहेव धुवांके जहाजप्रसे उतरके डालि साहेवके कोठिमे ग्ये इहां अव २।३ दिन दानापुरमे रहना होगा जो अव हालसुरत उनका होगा चरणमे येतलाय करेगा आगे लाट साहेव कलकत्तासे पटना १५ दिनमे पौचे सो विस्तार चरणमे जाहिर होगा आगे तफजजुल षांवो विन वजानेवालेका षाहीस वडा चरणमे आनेका है तीसका अर्जि पहले ईसके चरणमे येतलाय कीया है जवाव वक्सजाये सर अपसर सेवकका माफ फुर्माया जायगा

अग्यांकारि नीमक पर्वर्दे सालिग्रामसिंका आदाव् वंदगि हजुरमे गुजरे ईति संवत् १८८७ साल मी कार्तिक सुदि १५ रोज १ मोकाम पटना शुभम्—

—०—

नं. ५०

अर्जि — — — — — — — — — — — — — — —

उप्रान्त सुव्वा वाहादुर साहिका भाई अचलधोज साहि

श्रीनगरका रजौटासग थिया वाहां छोडि डडेलधुरा आइ-रह्याछन्. तहां चरणलाई अर्जि लेषि चह्राई पठाईराष्याछन्. ईनको हेतु चरणमा भालु हुन्यैछ. वांकि यो साल आउन्या वडोसाहेव भर्तपुरलगायेत् पाह्राडतक्का सवै साहेवलाई छिकि डिल्लीमा कौसल वाधि आफु लुध्यानामा गैरहेछ गरे. सिहतरफको सर्दार आलुवाले तिस् ३० हजार घोडिको मालिक सिहदेषी फुटि अंरेजसग आयाको त्यो सर्दार पनि तेसै लुध्यानामा छगरे. तस्ले सिंहतरफको उद्वेग देषाउदा सो मंजुर अंरेजले गर्छ कि अन्यत्र जगातरफको काम गर्छ लडाईको काम त मंसिरदेषि पुढो तहकित गर्छ भन्या गलवा सुनिन्छ. यो कुरा ताहां चरणमा जाहेरै होला. सर्वत्रको चौकोसि मजगुति ज्यादा राषनु हुंदा र गारंसगको गरिष्ट पाठ सदाकालै राषनुभैरहेछ र भयाको मुलुक साबुद रहिरहेछ. बुझ्याको विन्ति गुपत पाठले हुन्छ कि प्रगास पाठले हुन्छ. सिंहतरफ पनि १ जोलि ताहा चरणमा प्रतित पऱ्याका आदमी आफ्ना तरफदेषि पठाउनुभया ५।७ हजार रुपैया षर्च लाग्छ त पनि त्यो लाग्याको षर्च कोहि दिन्मा काम लाग्ला कि. येस् कुरामा कसैको भरभोरसा ताहा चरणलाई छैन ई सवै गल्कट्टा मात्रै हुं. तैपनि कौसलियाहरू कोहि छन् भन्या येस् कुराको उद्विग कौसमा ज्या ठहर्छ वालषपरको उद्वेगले काम लागला भन्या हेतुले यो कुरा विंति चह्रायाको हो. गोदको वालष दाषिल छु. सर अपसर माफ भया चाहिन्छ. वाकि मेरा निज कुराका अर्थकन सिद्ध तपसिहरू सदाकालै निराहारै रहन्छन् भन्या काहुत् पुनिन्थ्यो सो मैले विहोर्नुपऱ्यो १३ वर्ष ढाक्या भयाको भयो ताहाबाट वक्सि पठायाको षर्च १ विरले लक्ष वीरसग सकिन र निर्धाको साई श्रीदैवै भन्छन् ताहिका चरणैवाटको डाडू गिरी तगेदा भया मात्रै षान पाउन्या छु. पानि सामल षाई यो साल पनि किल्लैका काजमा लाग्याकै छु. जो मेहेर सो सहि. ईति सम्वत् १८८५ साल मिति आषाड वदि ११ रोज १ मुकाम डडेलधुरा सुभम् – – –

ईत: कर्णविर अधिकारिको कोटी ३ सेवा – –

—०—

नं. ९९

स्वस्ति श्री सर्वोपमाजोग्येत्यादी सकलगुणगरिष्ठ राजभारोद्धारणसामर्थ श्री श्री श्री जनरल साहेव भीमसेन थापाका चरणतल इत श्रीरणदल पाडे श्री दरियावसिंह वस्न्यातको पाइलागु सेवा इत निक ताहा चरण सदा कुसल मंगल भया हाम्रो प्रतिपाल होला आगे आहांको समाचार भलो छ उप्रान्त लाहुरसंम षवर बुझन पठायाका मानिसहरू आईपुग्या. उनिहरूले पाया सुन्याको समाचारको विजिनिस् र लमजुङको धमिन्यागाउं वस्न्या वनमालि पंथ रंजित्सिको गोर्षाली पल्टन्मा सुवेदार भयाका रह्याछन्. वनमाली पंथसित भेट भयेछ र तिमीहरू काहावाट आयौ भनि सोध्यायाछन्. फलाना जगावाट आयाका हुं भनि आहांवाट जान्याहरूले भन्याछन र वनमाली पंथले मलाई चिठि लेष्याको रहेछ उ चिठिसमेत चह्राइपठायाको छ चरणमा पुग्ला. समाचारको विजनिस्मा वडा वडा मानिसहरूले भन्याको समाचार·····सुवेदार ज्मादार षाल्सा महाजन् जीमिदारहरूले कस्ताको समाचार हो कोहि कुरा साचो फुटो होला यो तजविज चरणवाट हुन्याछ इति सम्वत् १८८३ साल मिति पौष वदि ११ रोज ३ मुकाम डडेलधुरा सुभम्

—०—

नं. २५८

श्रीदुर्गायै नमः ।

स्वस्ति श्री सर्वोपमानोपमेयशौर्योदार्यादि तकलसद्गुणगणालंकृतराजिराजित राजभारोद्धरणसामर्थ्य श्रीश्रीश्रीश्रीमत् कम्यान्डर इन्चीफ जनरल साहब भीमसेन थापाजीक योग्येषु । इत: बालाशंकरस्य सशस्त्राशीर्वादपूर्वक पत्रमिदम् । अत्र कुशलं तत्रभवतां सर्वाङ्गेषु कुशलं वांछामि । अग्रे वृन्तान्तम् । अर्सा महीने २ का हुवा । मेरी अर्जी सर्कारके चरणोमे नही पहुंची । गरीब पर्वर गेरै । सबब इसका ये है । बन्दा अपने छोटे भाइकी शादी कर्नेके वास्ते पटियालेमे गयाहुवा था । सो सर्कार्के इकबालसे । बखूबी शादी कर्के दिल्लीमे हाजिर हुवा हूं । ज्येष्ट वदी ४ रोज मे । वैद्यराज एककृष्णजी दिल्लीके डेरे दाखिल हुवे । वारह रोज मुकाम किया । मगर दिल्लीमें नहीं आए । दिल्लीके बाहर बागमे डेरा किया था । सो दिल्लीमे जो कामका बिलबन षानेकी थी उसका सरंजाम कर्के ज्येष्ट सुदि

अतिपदा रोजमे दिल्लीसे कूंच कर्के लाहोरको गए । आजतलक चिठी लाहोरसे कोई आई नही है । वास्ते इतिलाहके अरज रखता हूं । बन्दा सर्कारके चरणोसे बहोत पर्वर्शका उम्मैदवार है । जो कार खिजमत मेरे लायक होय सो । सर्कार्से आज्ञा होती रहे । तो मेरे हक्कमे बेहेतर है । पर्चा अखबारका मैने अर्जीके साथ भेजा है सो सर्कारमे पहोचता है । सं. १८९३ द्वि आषाढ वदी १० रोज ६

अर्जी बालाशंकर ब्राह्मणकी ॥

—।—

नं. २७३

अर्जी — — — — — — — — — — —

उप्रान्त गान्दुकमा लाप्चा र भोटचा दुइथर आफुसमा नमिलि दुईथरको कगरा हुंदा भोठ्यापाट्टिवाट ठिल्ला भन्याका लाप्चालाई काटिदिदा रयत् रयत्मा पनि लाप्चापट्टि एकतरफ भोटचापट्टि एकतरफ भै लाप्चाहरू सबै जोरिई एक दिनको वाटो वर आई वसी रह्याछन् भोटचाको लाग्यो भन्या हामि लाप्चाहरूलाई एउटा पनि राख्न्याछैन हाम्रा वलले पुगेन तिमीहरू वल देउ भनि काजि येक्लाथुप्को भाई येक्जिरुंलाई सुषीममा वस्न्या लाप्चालामाहरूले तिन चिठि लेष्याको रहेछ गान्दुगमा आफुस्मा ठुलो कगरा भयेछ अव लाप्चाहरू सुषीमका मुलुकमा रहन कठीन छ समह्य विहायापछि आफुले भन्या जस्तो भयेन भन्या सबै लाप्चा धर्माका मुलुकमा जानान् भन्या जस्तो छ मलाई आयाका चिठि इनै हुन् भनी येक्जिरुंले चिठी देषाउन आयो । भोटचा अक्षरका चिठि रह्याछन् चिठि ताहा चरन्मा चह्राई पठायाको छ तेहि चिठिले विस्तार जाहेर होला अव उप्रान्त बुझि जो पायाको खवर लेषि चह्राई पठाउदै गरुला ज्यादा क्या लेखौं सर अप्सर माफ गन्याजाला ईति सम्वत् १८९० साल मिति भाद्र अधिक वदि ५ रोज ४ मुकाम ईलाम गढि शुभम् — — — — — — — —

लप्टेन हेमदल थापाको कोटि कोटि सेवा — — —

—।—

नं. १३३

स्वस्ति श्रीसर्वोपमाजोग्येत्यादि सकलगुणगरिष्ट राजभारासामर्थ श्री ३ लेफ्टेन भवानिभक्तसि षतृकेषु ईत लोकरमन ऊपाध्याय देवरिषि ऊपाध्याय ज्मादार नाहारसि थापा सालिग्रामसिका सुभासीर्वाद सलामपूर्वक पत्रमिदम् ईहां कुसल छ ताहा तपाईको कुसलमंगल चाहीन्छ आगे यांहाको समाचार भलो छ उप्रान्त डि ...... न्या गौस महमद षां महता रा .....पुतलीको नाच वेस छैन भन्दा रह्याछन् अंरेजहरू हीन्दुस्तानिको कसैको नाच हेर्दैनन् ईनीहरूलाई वोलाई वोलाईकन नाच गराउछन् ईनको हामीहरूले पनि देष्यौं गोराको पल्टन् जमन्या तोप्को सलक् गर्न्यां अषवर वादसाहको मजीलीस जमन्या सव् ज्यानवरको नकल् गर्न्या वहुतै वढिया गर्दा रह्याछन् । याहांका साहेवान लोग मीर उम्रा वहुत् येस नाचको वहुत तारिफ गर्छन् नेपाल जान्छौं भन्या र हामिले पनि सल्लाह दियौं ईनलाई नेपाल पुग्न्या काम गरिदिनुभया वढिया हुन्या छ सो तपाईवाट गर्नैहुन्याछ वीझेषु कीमधीक मिति माघ वदि ७ रोज ३ सम्वत् १८८८ साल मुकाम पटना सुभम् — — — —

—।—

नं. २५७

श्री चौतरिया

५

स्वस्ति श्री सर्वोपमा जोग्यत्यादि सकलगुनगरिष्ठ राजभारोद्धारणसामर्थ श्री श्री श्री जनरल भीमसेन थापा महाशयषु ईत श्रीकीर्तिध्वज पांडेको पाईलागु सतम् पूर्वक पत्रमिदम् ईत नीक ताहां कुशलमंगल सदासर्वदा चाहिय आगे याहांको समाचार भलो छ भाद्र सुदि ३ रोज ६ का दिन लेषी पठाईदिनुभयाको सिक्ष्यापत्र आश्विन वदि २ रोज ६ का दिन आइपुग्यो विस्तार बुझी सिर चह्राया उप्रान्त मनिराम विष्ट साह्रै दुष्यो र भदौका ८ दिन जादाको सायत्मा जान सकेन अव पनि मनिराम विष्ट भन्या जान सक्न्या ढवल छैन डोली चढि सिलगढी गैरहेछ मनिराम विष्टको भाई भान्देउ विष्ट र फेतु साउन जान्या सल्लाह भैरहेछ फेतु साउनलाई झिकाई पठायाको हो याहां डंडेल—

घुरा आईपुग्यो भरैभोलि खिलगढी जान्छ इनिहरूका हिन्न्या वस्न्याको ठेगाना भै हिडचापछि विस्तार विन्ति गरी पठाउन्या काम गरुला बोध्या पंडालका कुरालाई पनी आज्ञा आयाबमोजिम हरिदत्त भट्ट र वोध्या पंडाललाई जोरी कुरा सुन्न लागीरह्याछौं ईन्का कुरा यांहां छिनिन्या रह्याछ भन्या छिनी विस्तार विन्ति गरी पठाउला छिन्न सकिन्या रहेनछ भन्या जौरि ताहिं पठाई दिन्या काम गरौंला मेरा अर्थलाई र तपाइंका गोदका वालष हुं आज्ञादेषि वाहिक छैन आग्यैबमोजिमको काम गरुला लाठ वस्याका ठाउमा भयो लाहुरतरफ भयो आफ्ना प्रतीतको मानिस पठाई रणजितसिंको र लाठको कसो कसो भयो त्यो षवरसमेत बुझि लेषि पठाउन्या काम भया बढिया होला भनी आग्या आयछ आग्याबमोजिम आफना प्रतीतको मानिस पनी षटाई पठाउन्या काम गरुला अघि किर्तसिंले त्यो षवर ल्याउंदा र पछि ज्मादार जुद्धविर थापाका छोरा पाल्पा पल्टनमा अमल्दार भयाको रहेछ प्रयागका मेलामा गयाका रह्याछन् उतैबाट मथुरा डिल्लिको बाटो गरि लाहुर पुग्याका रह्याछन् तस्तै वेलामा लाठहरूले रणजितसिंछेउ वैठन् साहेव डाकदर साहेव मेजर साहेव तिन साहेव वकील पठायाका रह्याछन् तिन्का भेटघाट हुंदा रणजितसिंले गऱ्याका ठांट् घोडाका सवारका पोसाक २।३ हजारको लालैलाल २।३ हजारको वसंतिवसंती २।३ हजारको सपेतैसपेत २।३ हजारको स्याहैस्याह २।३ हजारको सवुजैसवुज यस्तै गरि रंरंको पोसाक र घोडालाई उस्तै पोसाक गरि भारि असवाफसित भेटघाट गऱ्या सरसौगादको भन्या हामिलाई थाह भयन भन्न्या षवर ल्याउदा अंगरेजको र सिंहको आजसंम भन्या मिलापै देखिन्छ तर पनि लाठ सिमल्यामा गै अडिरहेछ घा कटक भन्याको संगसंगै हुन्छ तिनहरूको क्या क्या डवल रहेछ सो षवर बुझि ल्याउनु भनी मैले पनी मानिस पठायाको छ फिऱ्याका छैनन् फिऱ्यापछि जो षवर ल्याउनन् विस्तार विन्ती गरी पठाउला बाँकी गौंडा गौंडाको पल्टन कंपनीका हाजिरलाई सर्दार सत्रुभन्जन साहीको नाउमा लालमोहर आउदा सो लालमोहर लि ...१... वक्स कंपनीका ज्मादार २ वहिदार २ हुद्दा सिपाही जना १६।१८ आयाका रह्याछन् ...२... पल्टनका ८८ सालमा षोसि पर्जनि नहुंदा ढाक्रघा भन्या १६ जना रह्या षानगि भन्या ६ रह्या पजनी छैन घरवर जाउ भनि ढाक्र्याहरूलाई सुनाईदीनु भनी सुवेदार ज्मादारहरूलाई अह्राईदियां र उनले पनी सो माफिक सुनाईदियाछन् सुनाउदा ...३... का गौंडा जानी तपाईका नाउ सुनी आयांय्यु विदा वक्सनुभयो त घर क्या नाषले जाउ योटा राहादानी गरीदिनू भन्या तिर्थ गर्न जादा हुं भनी ढाक्र्याहरूले भन्या गौंडामा आयाका सिपाहीहरूलाई राहदानी दिन पनी सकिन्दैन षानगिले भन्या पुग्दैन अब तिमिहरू क्या भन्छौ भनि सोद्धा जस्ता तरहले हुन्छ हाम्रो पालना हवस् भनी भन्या उसोभया षानगि भन्या फुट्न्याछैन २ मिलि १ षानगि षान्छौं पल्टनका टहलमा पालासित १ जनाले रहन्छौ १ जनाले आफ्नु काजकाम गरौंला भन्छौ भन्या त्यो षानगिले नपुग्याका चार जनालाई मेरा षानगिमध्ये ४ षेत र देसदेसमा षवर बुझन जानपऱ्यो भन्या मैह्लाको डेढ डेढ रुपयां थपिदीउला षवर बुझन जानुपर्न्या अरू ...४... काज पऱ्यो भन्या सवैले सामेल हुनुपर्ला क्या भन्छौ भन्दा कवोल गर्छौं भन्या र १२ जनालाई ६ षानगिमा मिलाई नपुग्याका चार जनालाई मेरा षानगिमध्ये दि रैवन्दीबमोजिमका पगरी हुद्दा सिपाही लाजिमा गैह्र जवान परैट्मा लयन षडा गरी लयनदेषि वाहिक ६ षानगिमा मिलायाका भाई छ जना हुन् मेरा षानगिमध्ये राष्याका ई चार जना हुन् भनी जनाई अरू लयनका सिपाही षसोषास हाजिर दि कोतमा रह्याका षर्षजाना असवापस्मेतको फर्द उतारि हाजिर लिन आउन्या ज्मादार वहिदार हुद्दा सिपाहीलाई बुझाईदियाको छ तेस्मा रैवन्दीवमोजिमका नालको षानगि दवाई षायाको छ भनी कालकला हामीलाई कसैले कायल गरायो भन्या दवाई षायाको दुना तिरौंला भनी श्रेस्ताको कागत लेषिदियाको छ विस्तार उनैहरूबाट जाहेर होला आफुले षायाको छैन षाईन्या पनी छैन गौंडामा आयाका सिपाही थामनुपर्दा सर्दार सुवेदार अरू पगरी सवासयको सल्लासित षानगि नफोरी भाई मिलाई सिपाही थामन्या काम गऱ्याको छ सो विस्तार ...५... साहेवका हजुरमा पनी जाहेरै छ तेस्ता जानअजान माफ भयाजाला यांहाका षैषवरका अर्थलाई सुब्बा चतुर्भुज मल्ल कुमाउ गयाको ...५... साहेवका चिठिवाट मालुम भयोहो अरू षवर आजकाल जथास्थितै छ अब उप्रान्त जो पाया सुन्याको विन्ति गरी पठाउदै गर्न्याछु आफनु कुसल क्षेम र सिक्ष्यापत्र आउदै रह्या सिक्ष्यामाफिक्को काम गरुला विज्ञषु किमधिकं ईति सम्वत् १८८८ साल मिति आश्विन वदी ६ रोज ३ मुकाम डंडेलधुरा शुभम् — — — —

—०—

नं. ३८०

स्वस्ति श्री सर्वोपमाजोग्यत्यादि सकलगुणगरिष्ट राजभारोद्धारणषड्गग्राहिकसामर्थ श्रीश्रीश्रीश्रीश्री दाज्यू जनरल भीमसेन थापाका चरणतल ईत श्री रणवीरसिंह थापाको साष्टांग दंडवत् कोटिकोटि सेवासेवापूर्वक पत्रमिदम् चरणका आसिर्वादले याहां नीक तांहां पात्र कुल आनन्दमंगल-चरणारधीर हुनुभया हाम्रो सव वातको प्रतिपाल ऊद्धार होला आगे यांहांको समाचार भलो छ ऊप्रान्त तुलसीपुन्याको र भृंगाको अघि पनि तकार पन्यैको थियो पछि यहि लाग्दा असारमा दुवैंको लडाई भयछ भृंगाले तुलसीपुन्याकी कप्तान निहालसिं १ सुवेदार ३ सिपाही ५०।६० जना मान्यो । तोप ३ र गेगलिको गढिसमेत लियो भृंगाले जित्यो तुलसिपुन्याले हान्यो भन्या समाचार ल्याया र हो होईन निस्तुक बुझन पठायाको छ आउन्याविस्तिकै विन्ति गरि पठाऊला अच्यालभोलि मानिसहरूले हौराहा गन्याको सुन्दा ऊदेक लाग्छ यांहांको कुरा ताहां ताहांको कुरा यांहां नभएको मनपरि कुरा हौराहा उडाई हिड्दछन् नजांन्या मानिसहरूलाइ त सांचो हो भन्या पार्छन् विग्यचरणेषु ईति सम्वत् १८९१ साल आषाढ वदि ११ रोज ४ मुकाम पाल्पा तानसि शुभम् — — — — — — — — — —

—०—

नं. १६१

अर्जि — — — — — — — — — —

उप्रान्त मेटकलफ साहेव गवरनर ईलाहावादके षुसकिके रास्ते हजारिवाग होते ईलाहावाद गये ४।५ रोजमो ईलाहावाद पहुचेगे १ तारिष फरवरिको ईलाहावादमो वडा षाना साहवान लोगोका वो वडि रोसनि तैयारि नाचतमासा वो अमिरउमरावोका हाजरि मुलाजमत होगा वो उसि रोजसो ईजलास भि करेगै आगे राजा रनजिसिंहका नाति पेसौरके लडाईमो षेत आया राजा भि उसितर्फको गये अैसा षवर सुन्नेमो आता है पिछेसो जो हाल होगा येतलाये करेगा आगे श्री लोकरमण उपाध्याय जिनों साहेव कलक्टरका मुलाकातको गये साहेव मजकुरने वडि षात्रीदारीसे मुलाकात किया षैषवर पुछा आवोर साहेव मजकुरने हजुरके सीलसिला सलतनत वन्दोवस्त गैरहका वडा तारिफ करने लगेवो कहने लगेके श्रीजनरल साहेव अैसा दाना वन्दोवस्त करनेवाला सरदार हिन्दुस्तानमो दुसरा कोई नहि है हमारे विलायतमो पादसाहके हजुरमो तारिफ होता है उपाध्याजिने भी उसिमोताविक चरणका तारिफे सब बयान किया गुलाम भि साथै था आगे गुलामके षानगिका कुछ सर्फेन फुर्मायागया श्री पंचमि भि आपहुचा अब गुलामको हजुरके चरणसो सवाल उमैदईह हैके देवोरिषि उपाध्याका खानगि गुलामको वक्साजायेके गुलाम अपने हक मतलवको पहुचे आगे गुलाम षाबिन्दके येकवालसो जैसा कामकाज षैरषाहिसाथ कर्ता है वो जिस लायेकका है सब हाल ईहांका श्रीमुषिया गंगादत पाध्याजि वो षरिदारजि वो डिट्टाजिसो रोसन होगा सर अपसर गुलामका छिमा माफ फुर्मायाजागा हजुर षाबिन्द मातापिता अन्नदाता है ईति सम्वत् १८९१ साल मी माघ वदि ८ रोज ६ मोकाम पटना शुभम्— —

ईत अग्याकारि सदा सेवक गुलाम सालिग्रामका
कोटि कोटि सेवा सलाम चरणमो गुजरे शुभम्—

—०—

नं. २४

हाति ६ चांदिका हौदासमेत कार्चुपि झुल घोडाको रथ १ कार्चुपि काम गन्याका १०१ घोडालाई चांदिका हैकल जति रकम कपरा उति रकम एक सये एक जति भाडा दिया सुनका फिकदानिसमेत सुनका दिया यो सब रकम हाथिसमेत आफ्ना हवेलिदेषि बाहिर फिजिदिया चारैतर्फ सिपाहि राषिदिया घोडाप्रमृति सब वाहिर राष्या र दुनियांलाई देषाया फेरि नोनिहाल सिंलाई भन्या यो सब कार्षाना मैले हजुरलाई चह्रायां भन्या नौनिहाल सिंले आफ्ना मानिसलाई उठाऊ भन्या र स्यामसिंले भन्या दिनत मैले हजुरलाई चह्रायां तर रणजितसिंले नदेषि नउठाउ भन्या उठाउन दियेनन् फेरि रंजितसिं र लाठसाहपसंग भवारि भै सर्दार स्यामसिंले दियाका ,घटिभर हाति थामि रंजितसिंले लाठलाई देषाया लाठले देष्या र मुषमा अउंलो हालि लाठ गयो तसअर्थ स्यामसिंको बहुत वडाई भयो सबैले आचर्य मान्या एतिको दौलथ दिष्याछ र छोरिलाई पालकिमा चह्राई अनमाई दियो र नौनिहालसिं तिनै रानिलाई

ले अम्वर सहर फिन्या रंजितसिंप्रमृति सब सर्दारहरू र फिरंगि लाहुर उतैबाट गया म पनि अर्जि लेषनानिमित्त अम्वर सहर फिरिआयां अब लाहुर जान्छु फिरंगिको विदाई हुनें बाँकि सब विस्तार चरणमा आई गरुला मैले घांडै आउनपछ्छे कि २।४ मैह्ला वस्नु जो आज्ञा आउंछ सो गरुला जानाजान माफ ईति संवत् १८९३ साल मिति फागुण सुदि ५ रोज ७ मोकाम अम्वर सहर आलुवालेके कठेरे शुभम् – – – – – – – – – – –

केसरसिं राउको सलाम सतम्

–०–

नं. ४३

श्री ५ सर्कार

१

अर्जि – – – – – – – – – – –

उप्रान्त माघ सुदि ५ रोज ६ का दिन ३ घडि दिन चढे कुम्भ लगन्मे ईहां भुमिकप् हुवा आगे साहवलोगोंके जुवानि येह मालुम हुवाके अंगरेजि जौनके महिनामो लाटसाहव कलकतासौं ईसतरफ पछांके मुलुक गीरि सैर वास्ते आवैंगे आगे डिल्लिके वादसाहके पोता हाजीमीर्जाका दरवक्स दौल्लिसो ईहां पटनामो आयेहैं ईनके साथ २००० आदमी और हाथि घोडा ग्रैह साथमो है सेवकको २ दफे अपना मौषतेयार भेजके वुलाया सेवक तव लाचार होके उनके ईहां गया उनहनेने कहाके हम नेपाल जाने वास्ते डिल्लीसो ईहांतक आयेहैं सो हमारा सोगात चीटि अपने...१... मो तुम भेजदेवो सेवकने कहाके हम वगैर हुकुम ...१... के भेजने नसक्तेहैं तव उन्होने कहाके हमारा षाली चीटि भेजके जवाव भगवायेदो तव सेवक लाचार होके ...१... के ईहांका पत्र जानके ईसी अर्जिसाथ चढाये पठायांहै गुजरेगा ईस पत्रका जवाव जल्दि षांवन्दि फुर्माके वक्साजायेके गुलाम उनको देदे आगे सेवकका दर्माहा २ सालका अवतक वक्सीस नफुर्मायागया गुलाम वहुत दिग्दार होरहाहै षांवन्दि फुर्माकि दोनो सालका दर्माहा वक्साजायेके गुलाम हकको पहुचै सर अपसर सेवकका छिमा माप फुर्मायाजागा मी. माघ सुदि ७ रोज १ सं. १८९३ साल शुभम् – – –

इत अग्याकारि सेवक सालिग्रामका कोटि कोटि



सेवा सलाम जुनावमो गुजरे शुभम् – – –

–०–

नं. ४१५

श्री ५ सर्कार

१

। खवर दिल्लीकी । हजूर जहापना वादशाह । बदस्तुर । विचबुतव साहवके तशरीफ रखते हैं । हजूरकी तवियत ज्यादा विमार होनेके सववसे । वलीअहेदके नौकरोंमेसे कोही आदमीने तामस साहव रयीडंटसे कहेदिया । बादशाहके मरनेको खबर आगई है । किलेमे वलीअहेदका बन्दोबस्त होजाये तो बेहतर है । येह वात सुनके तामस साहबने मेघजीनखानेमे हुकुम भेजा । एक सौ कई कार्तूस वास्ते शलखके मेघजीनखानेसे आगए । तामस साहबने कुतब साहब जानेका इरायदा किया । इस अर्जेमे खबर आई बादशाहकी तबियत बहोत अच्चीतरांसे है । येह खबर बादशाहको पहोंची । हजूरने तामस साहबके नाम सुक्का भेजा । जो आदमी हरामजादोंने येह बात उडादियाथा उनको सजा होवे । दूसरे रोज मिर्जा जमाशाह मिर्जा फीरोजशाह बेटे मिर्जा सलीमके दर्वारमे हाजिर हुवे । हजूरके मिजाजकी खबर पूछी । हजूरने फर्माया । दोनो तुम आपसमे बिगाड रखतेहो येह बात अच्छी नहीं है । हजूरने दोनो साहबजादौंका मिलाप करवाकर गले मिलादिया । लेंलीसाहब शाशन जज वास्ते दौरेको कूच कर गए । राजा कलियानसिंह किशनगढवालेने खत ईस मजमूनका मटकल साहबके नाम अकबराबाद भेजाथा । दो चपडासी मेरे तईनाथ राजीडंटीसे रहतेथे । चंद रोजसे चपडासी २ को तामस साहबने बुलालियाहैं । खतका जुवाबमे लिखा आया । अगर तुमको चपडासी रखनेमे मंजूर हैं तो चपडास अपने नामकी खुदवालो । सर्कारसे चपडासी तुम्हे नही मिलनेके । राजाके वकीलने तामस साहब रजीडंटसे अर्ज किया मेरे मवक्किल किशनगढको जाना चाहता हैं । दरवाजेपर हुकुम होजाय । साहबने दरवाजेपर हुकुम भेजदिया । नाभे कैशलवालेके वकीलोंने अर्ज किया ५० रुपैका गोटा किनारी जाता है । माफी महसूलका पर्वाना इनायत होवे । पर्वाना मिलगया । जैपुर जोधपुरकी खबर बदस्तूर है ।

अखबार जैपुरका रोजरोज आता है। मगर कोई बात लिखनेके काविल नही होती। अजीटन जितमानसिंह दिल्लीसे आगरा तीन रोज मुकाम किये आज रोजमे जैपुरके तरफ तीर्थयात्रा कर्नेको जायंगे । वास्ते इतिलाहके अर्ज रखता हूं । आज रोजमें अजीटनने अर्जी साहबके चरणोमे भेजी है। उसके पहोचमेसें हाल मुफासिल साहबके मुलाहमे गुजरेगा। जीदवाली रानी साहब कौरने कई अर्जी अपनी इस मजमूनकी भेजी है। सर्दार सरूपसिंहको जो आपने जींदमे मुखत्यार करके बैठाया है इसके बैठनेसे हमारी कमाल बर्बादी है। बहोतसी तकलीफ हमे देता है। हुकुम हुवा जो तुमको अर्ज मारूज कर्ना होवे सो अंबालेके साहबसे अर्ज करो। हम तुम्हारे मुकद्मेमे कुछ हुकुम नहीं देसकते है। खबर लखनउकी। नवाब नसीरुद्दीन हैदरका बेटा मुन्नाजान और बादशाह बेगम याने गाजुद्दीन हैदरको जोरू दोनोके कैद करके लखनऊके रजीडंटने चार कंपनी दो तोप साथ करके इलाहावादमे भेजदिया। नसीरुद्दौला लखनऊको सलतनतके तख्तनशीन हुवे। येह सिक्का जारी हुवा। जिजू दो करम सिक्के जदू दर्जमा। महम्मद अली बादशाहे जहां। दिल्लीमे कोई आदमीकी जुबानी सुन्नेमे आया है। चार पल्टन गोर्खालीको महाराज लाहोरवालेने ...१... से भगवाई है। सं. १८९६ श्रावण वदि ११ रोज

—०—

न. ४४६

उप्रान्त भेट मुलाकात हुदा भयाको विस्तार मेचि सिद्धिका दोभानदेखि अलिकमाथिसंम हेर्न गयौं भन्या विस्तार श्री जनरललाई माघ वदि ८ रोज १ मा लेषि पठायाथीउ वाहिरबाट जाहेर भयोहो धार हेरि फेरि नागसर वाडि नागलवन्दा आई दुई दिन वातचित गर्दा अघिल्ला दिन कुरा गर्दा कागतमा लेष्याको नक्सा साहेवले निकालि पानि पनि पश्चिमतिरका नदिमा धेर छ सिवानाका नक्सामा जर्द लकिर पनि पश्चिमतिरका नदिमा देषिन्छ भन्दा हामीहरूबाट दोतरफि मानिस राषि षैचियाको सिवानाको नक्सा पनि होईन सुषिमतरफका मानिस आफ्ना तरफवाट साहेवले साथ ल्यायाको हुदोहो सुषीमका मानिसले सिद्धिलाई मेचि भनि हुन सक्तैन मेचि पूर्वपट्टिको हो लडाई नभै अघि पनि मेचिपूर्व येकुन्दा काजिलाई छ आना तैले षानु दस आना नागरिमा ...१ कम्पनिका तैनाथ गरि बस्न्या भारादारलाई बुझाउनु भन्या जीमिदारिको मोहर तामापत्र भयाको थियो मेचिपश्चिम चयनपुरको तालुक थियो सिद्धिका र मेचिका बिचमा पनि कमोत वस्ति थियो तेस जगाको पैसा तहसिल गरि चयनपुरमा जान्थ्या तहसिल गर्न्या जीमिदार येक नगरि हो हाजिरै छ मेचि आज भयाको होईन अघिदेखि छदैछ मेचि पूर्वतिरको हो वेस गरि तजविज गर्न चाहिन्छ भनि हामिले भन्दा येक नगरिलाई डाकि दुई नदिका बिछमा वस्ति अघी थियो थियेन तैले तहसिल गऱ्याको हो होईन भनि साहेवले सबै कुरा सोद्धा मेचिका र सिद्धिका बिचमा चार पाच घर वस्ति पनि थियो तहसिल पनि मेरो थियो पैसा पनि चयनपुरमा दाषल गर्थ्या पश्चिमपट्टिको सिद्धि हो मेचि पुर्वैपट्टिको हो भन्यो दुई नदिका बिचमा अघि बस्न्या मानिस कोहि छन् छैनन् भनि सोद्धा दुई जना छन येक जना याहां आयाको छ येक जना पाहाडमा छ भन्दा यांहा आयाकालाई भोलि लि आउनु पाहाडमा रह्याकालाई लिन पठाउनु भन्या कुरा गऱ्यो र भोलिपल्ट हामिहेरू तीनै जना गै जङ्मो लापचा ८५।९० वर्षको रहेछ उसलाई लगि कुरा सोद्धा दुई नदिका वारि पनि वसिउ पारि पनि वसिउ कमोत बिचमा गर्दै थियौं बित्रमा पनि बस्या थिउ तेस जगामा साठि वर्ष वस्याको छु वन्तुडादेषि पूर्वतिरको मेचि हो पश्चिमतिरको सिद्धि हो भन्यो यो जवानवन्दि लेषि बुढालाई जा भनि पठाईदियो फेरि येक रगरिलाई डाकि येकुन्दा काजिलाई मेचिपूर्वको जीमिदारी हुदा वन्तु पाहाडका वस्तिको पैसा तहसिल गरि चयनपुरमा दाषिला गर्थ्या भन्या कुरा पोर किन जाहेर गरिनथिस् भनि कर्नेललाई उल्ले सोद्धा पोर जुन जुन कुरा सोध्याथेउ उ कुरो भन्याथ्या यो कुरो सोधेउन भनिन अल्हे सोधेउ भन्या ई सवै कुरामा धर्म उठाउन सक्लास् भन्दा भयाको कुरामा किन सकैन धर्म उठाउन सक्छु भनि जवाफ दियो येती कुरा भैसकियापछि तिमेरूका गहवाई अरु पनि छन् कि येतीकै हुन् भनि कर्नेलले हामिलाई भन्दा मेचि यो हो सिद्धि यो हो भनि जान्या छोटा-वडा मानिस सवै जान्दछन् चाहिन्छ भन्या २।४ सय मानिस पनि ल्याइदिउला भनि हामीले भन्दा उसो भया वन्तुडाडाका पाहाडमा अघि वस्न्या दुई जनामध्येमा याहा नआईपुग्याको लापच्या येक र अरु ४।५ जना छ दिनभित्रमा जति आईसक्छन् उनलाई ल्याउनु र सोधपुछ गरौला

भन्या कुरा गऱ्यो चाहिन्या मानिसहरूलाई झिकाईपठायाको छ आईपुग्यापछि उनलाई लगि जो जो कुरा होला विन्ति गरि पठाउला यसको अभिप्राय बुझ्दा भन्या दुईतरफका महवाईका जवानवंदी लेषि याहां भयाको विस्तारको कागत सदरमा पठाई हुकुम नआई सिवाना फर्छा भन्या जस्तो दखल देषिदैन कागतपत्र सदरमा पठाई सदरबाट तजविज भै सिवाना रफा हुन्या ठहऱ्यो भन्या जो जो वातचित होला सो विन्ति लेषि चह्राई पठाउदै गरुला चाहिन्या कुराको सम्भार सर्षारवाट तजविज भै गरिवक्सनुहुन्यैछ हामिहरूवाट र जस्ताको तस्तो गरि हाम्रो चित्त बुझाई सिवाना रफा गर्न लाग्यो भन्या हामिहरू पनि सामेल भै गरौंला हाम्रा चित्त नबुझाइ आफुले भन्या जस्तो गरि सिवाना गर्न षोज्यो भन्या तेसमा हाम्रो चित्त बुझयाको छैन भनि हुकुमवमोजिम फरक रहि भयाको विस्तार विन्ति लेषी चह्राई पठाउला अर्जीमा हरपमा कम ज्यादा पऱ्याको सर अपसर माफ गरिवक्स्याजाला ईति सम्वत १८९३ साल मिति माघ वदि १३ रोज ५ मोकाम मेचिको किनारा नागलवन्दा शुभम् — — — — — — — — —

सेवक लक्षबिर साहि, हेमदल थापाको कोटि कोटि साष्टाङ्ग डंडवत सेवा सेवा सेवा शुभचिन्तक फमावर्दार उदयानन्द पण्डितको वेदोक्त शुभ आसिर्वाद शुभम् — — — — — — — — — —

—।—

नं. ४७६

स्वस्ति श्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरदावली विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीश्रीश्रीमन्महाराजे राज राजेन्द्रविक्रम साह-वहादुर समसेरजंग देवानां सदा समरविजयेषु लि. स्वस्ति श्रीचक्रनारायणेत्यादि विविधविरदावली विराजमान मानोन्नत श्रीमहाराजाधिराज श्रीमन्महाराज पृथ्वीपति सिंहवहादुरजीवदेवानांके सलाम आपुकै कुशल परमानन्द हमेसाकै चाही इहां कुसल आराम है मध्येदेश श्रीअयोध्यामण्डलमअसकुछु ... कै इछाकी मुशलमानकै राज वहुत कालसे है हम लोग पैसा दे अब ताई अच्छा निवहि आइ लेकिन हिन्दु औ मुशलमानकै द्वेष प्रसिद्ध औ एतद्देशके समीप नेपालसे सेवाइ आनकेउ राजा अस्तचक्रवर्ती नाहीकीजे हम लोगनकै षवरगिरि करै तेही वास्ते वहुत रोजसे लालसा रहा की नेपालमा पहुचिकै आपुकै दर्शन करि औ आपुकै ख्यातिश्रावणसे चित्तके अतिहर्ष औ लालसा समागमकै तथापि संयोगवस सर्वकार्य होतहैसे यहि सालम एक जने लषनउसे इजारा लिषिकै वडी फौजसुद्धा आये से कइउ राजा कंछेककै सर्वस लूटि लिहिनि औ देससे षारिजकैदिलिनि औ हम लोगन्ह कंवलाई भेजिनि सेवोन्हकै अहवालश्रवणते सम्मतन परासे आपुके जावेके विचारयुक्त यहितरफ आयन्ह तहांविना इतिला आइव मुनासिव नजानिकै वांसीके राजमलठाके किनारे श्रीमहाराजाधिराज श्रीमन्महाराज चचासाहेव महाराज गुमानसिंहजीवदेवानां औ हम मुकाम कीन्ह औ देना हमार औ चचासाहेवकै जवन वंधा है तव नदेइकं तेआर हन्ह सेवन्हकं साफ षारिज कैदेइकं इगदासे आपुकै सववसे जो अपने देशपर यात्राकै संयोग लागैतो मध्यदेशम आपुकै वडा सुजस है औ जौ वोहि वार्ताकै किंचित्काल देर होइतौ तवताई अपने मुलुकम जहां फरमाईदेई ताहां कालक्षेप करी औ इस महवाल पेस्तर जरनइल रणवीरसिंहकं लिषाग रहाय कीनकी अर्ज किहिनि होइ सेइहि जवावके इंतिजारीम दश महीना गुजरि गवनाइ जेरवार होइ गयन्ह औ जवाव कुछ नआवासे तेहि वास्ते अव आपुकं लिषाजात है औ श्रीमहाराजकुमार श्रीवावू रणकेशरीसिंहजीवदेवानांसे हरिसूरतिसे वास्ता धर कैसे सभ अहवालसे वाकिफसे आपुके षिजमति मागयेहै मुफसिल सभ अहवाल अर्ज करिहहिसे जस कुछ आपुके मेहरमानगीमा आइहि तस जवाव जलद लिषैकं फरमाइव जवनेसे इंतिजारी जवावके ज्यादा जेरवान नहो औ जव नकुछु काम इहाके माफिक होइ तवन हरिसूरतिसे आपन वास्ता जानिकै लिषैकं फरमाव तरहवजेसे हरितरहसे परमहर्ष है जिआदा सुभ मि मार्गशीर्षाशितपक्ष ७ शम्वत् १८९४ रो — — — — — — — —

—।—

नं. ३०

अर्जि — — — — — — — — — —

उप्रान्त हुलन्छेजका वेलाइतका वादसाहका जेठा छोरा

प्रेन्सिस आप अरंज उन्को नाव रहेछ उमेर देष्दामा २२ तेइस वर्षको उमेर मालुम हुन्छ ६ वर्षदेखि आफ्ना वेला-इतका फौजमा लेफटेन भयाका रह्याछन् हिन्दुस्तानका मुलुक हेर्न भनि आफ्ना वेलाइतबाट कलकत्ता मार्गसिर्स वदि ३० रोज ३ का दिन आइपुगि साँजका वक्त जहाज-बाट उत्रि नवाव गवर्नर जनरलका घर्मा गया जहाजबाट उत्रदा हुदि नवाव गवर्नरका घर्देषि चानपाल घाटसंघ गोराको पल्टन खडा थियो जहाजबाट उत्रन्या वित्तिकै पल्टनले सलामि दियो किल्लाबाट २१ फैर्तोवको सलामि भयो कलकत्तै बाट फर्कि जान्छन् कि हिन्दुस्तानतिर पनि डुल्दछन् केहि थाहा भयाको छैन बुजि पछि विन्ति चह्राइ पठाउला कार्तिक वदि ११ रोज ३ का दिन हिड्याका हल्काराहरू आइपुग्या हुकुम आयाबमोजिमका असवा-वका तलासमा छु मिलन्या वित्तिकै इनै हल्करा हस्ते गरि चह्राइ पठाउला भविष्य पुराण लेषाएर पठावनु भनि हजुरबाट रजिडन्ट मार्फत जिमिस प्रेन्सिप साहेव कहाँ फर्माएस आयाको रहेछ उन्का तलासमा पनि थोरै ठहरेछ पुस्तक लेषाइ रवाना गर्न भनि मछेउ पठाइ दियाको छ डाकमा रवाना गर्न षोज्दा हल्काराहरू आइपुग्या र थामियाको हो इन हल्कारा हस्ते चह्राइ पठाउला यांहां अंरेजहरूसित बुजदा नवाव गवर्नर जनरल वानारसका मोकाममा छन् वानारसवाट कुंच गऱ्याको षवर अरू आयाको छैन वर्माका मुलुकमा अंरेजसित सावीकका अहद करार्मा केहि विग्रला भन्या जस्तो सुनिन्छ २ पल्टनका सिपाहि अचानकवाट सिलहटमा मोकाम गर्न भनि गया २ जंगि जाहाज मनाराजवाट आफ्ना सिवानामा लंगर गरि राषनु भनि रवाना भया यांहां पनि २ जंगि जहाज वेला वषतमा काम चाहिएला भनि किल्लाका सामने लंगर गरि राष्याका छन् इति सम्वत् १८९४ साल मिति मार्गसीर्ष वदि ३ रोज ४ मोकाम कलकत्ता वडिवाजार दर्माहट्टा सुमम् — — — — — — — —

सेवक लोकरमणापाध्यायको वेदोक्त पुराणोक्त सहश्रकोटि सुभासीर्वाद सुभम् — — — —

—।—

नं. १२२

अर्जि — — — — — — — — — — —

उप्रान्त आज विहान १ घरि दिन चढदा गवर्नर जनरल वहादुर उन्का दुवै वैह्नि साहेव सिक्रटरि मुसाहवहरू समेत धुवाका जहाजमा सवार्भया १९।१९ फाएर तोपको ३ वेर किल्लाबाट सलामि भयो भागिरथिका मुहानामा पानि थोरै हुनाले मुर्सिदावादको वाटो गएनन् सुन्दर्वन्को वाटो ठूला गंगाजिमा निस्कन्या गरि गया उसै दिन एक प्रहर्दिन चढदा अलकजन्दर्रास साहव औवल कौसलि नाएव गवर्नर भयाको १७ फएर तोपको सलामि किल्लावाट भयो मेगचाटन साहव सिक्रटरि र तावेमे चार काम थिए उन्मा २ काम पार्सियांन् सिक्रटरि एक र अदालतका लेष पढको काम एक इ दुवै काम थोपि प्रेन्सिप साहव जनरल सिक्रटरिका सपुर्द भयो देसावर्का वकीलहरूसित मुलाकात दर्वार उनै गर्न्याछन् ज्युटिसियर इन्डियर रिवून डिपार्टमिन्ट ई २ काम मिंगेल साहवका सपुर्द भया ई मिंगेल साहव पनि ज्युटिसिएल वंगालाका सिक्रटरि थिया ईन्का जगहमा हलेडि साहव भर्ति भया अलकजन्दरसि साहव कौसलमा वस्यापछि षरिता जान्यैछ विन्ति चह्राइ पठाउला इति सम्वत १८९४ साल मिति कार्तिक वदि ८ रोज ७ मोकाम कल्कत्ता वडिबाजार दर्माहट्टा सुभम् — —

सेवक लोकरमणोपाध्यायको वेदोक्त पुराणोक्त सहश्रकोटि सुभासिर्वाद शुभम् — — — —

नं. १४९

अर्जि — — — — — — — — — — —

उप्रान्त धर्माका मुलुकमा विविहरूसमेत अंगरेजहरू सिकार षेलन गयामा धर्माको र अंगरेजहरूको तक्रार भै विविहरू-स्मेत अंगरेजहरू फिऱ्या अव अंगरेजहरूको धर्मामा रजि-दंट रहन्छ षोपलासिमा रहन्या गोराचं चौधरिलाइ क्या कुरामा हो सुषिम्याले कैद गऱ्यो भनि कोहि भंछं कोहि अंगरेजले कैद गरि राष्येछ भंछं इ कुरा र सुषिमको दोर्ज्ये-लिमा अंगरेजले छाउनि हालि वसिरहेछ भन्या कुरा सुनिन लागिरहेछ इ कुरा साचो कुटो क्या रहेछ अभींतर गरि पाका जान्न्या मानिस पठाई जस्ताको तस्तो षवर बुझि हाम्रा हजूरमा विन्ति गरी पठा अवप्रान्त पनि सुषिम धर्मातरफको षवर हहंमेस बुझि विन्ति गरि पठा-

सुदै रहनु भनि मेहर भै बक्सि पठायाको लालमोहर कार्तिक सुदि ९ रोज २ को मितिमा आइपुग्योथ्यो हुकुम सिर चह्राई लालमोहर आइपुग्ने मात्रै सुषिम धर्मातरफको बात विहोरा जान्न्या बुझन्या ४ जना मानिस पठायांथ्यां सुषिमको बाटो गरि नंगेलुवा दोर्ज्येलि पुगि सिपालिदेषि त्रिष्टा पुगि मधेंस निस्की धर्मा दालिमकोटस्मेतको हाल-सुरत बुझि फर्क्याछं पौष सुदि ९ रोज ५ को दिन धंकुटा आइपुग्या ईनिहरूले ल्यायाको षवर भन्या धर्माका मुलुकमा अंगरेजहरू विविस्मेत सिकार जादा तकार भै अंगरेजहरू विविस्मेत फिन्या भन्या कुराको अर्थलाई धर्माका मुलुकमा विविस्मेत जंगलमा सिकार गर्दै फिर्दै छं अंगरेजको र धर्माको तकार भयाको पनि छैन अव अंगरेजहरूको धर्मामा रजिदंट रहला भन्या कुरा पनि छैन गोराचं चौधरिको कुरा भन्या षोपलासिका जिल्लामा डाक परेछ कोहि २।४ मानिस मन्याछं तैले तेस कुराको षोजि निरोपन गरिनछस् भनि गोराचं चौधरिलाई सुषिम्याले पक्रि लैगेछ र सोध बुझ निरोबन गर्दा लालचं चौधरिका तालुकको जगा हो यो कुरा लालचं चौधरि जानला भनि गोराचंले भंदा गोराचं चौधरि फुकेछ लालचं चौधरिलाई पक्रि ति डाक गर्न्या को रहेछ ल्याउछस् कि तै होस् भनि सुषिम्याले कैद गरि राष्येछ भन्न्या कुरा सुनियो सुषिमको दोर्जेलि भन्याको जगामा सुषिम्याले अंगरेजलाई कोठि राषन भनि जगा दियाको रहेछ तेहि दोर्जेलिमा अंगरेजको १ साहेप १ ज्मादार २४ नाल सिपाहिस्मेत छाउनि हालि वस्याको १४ मैन्हा भयेछ ताही सुषिम्यापट्टिका लाप्च्या भोट्याहरू पनि ३०।३२ जना अंगरेजको नोकर गर्न लाग्याका रह्याछं दोर्जेलिको बाटो हेर्नु नांगेलुवा भन्याका जगामा कोठि राषन्या जगा षतम गर्नु भनि दोर्जेलुंको फेदी सिपाली भन्याका जगामा एहि गयाको कार्तिकमा ४ जना अंगरेजहरूका साहेप आई वस्याका रह्याछं सुषिम्याको काजी इलामसि पनि दोर्जेलिमा वस्न्या साहेपसंग गयेछ र भेट कुराकहानि गर्दा तेहि दोर्जेलिमा वस्न्याले सिपालिमा आउन्यालाइ लेषेछ र सिपालिदेषि ४ साहेप फिर्याछं दोर्जेलिमा नोकरमा रहन्या लाप्च्या भोट्यालाइ पनि तिमि अंगरेजसंग नोकरमा रह्यौ भन्या तम्रा जाहान वच्चा बेचि दिउला भनि इलामसि काजीले हप्कायेछ र लाप्च्या भोट्याहरूले अंगरेजलाइ छोडि इलामसिका साथ लागी भागी गयाछं सिमालिदेषि दोर्जेलि संधीर वसी गयाको डाडो २०।२५ कोस रहेछ तेसै सिपालिदेषि दोर्जेलिसम्म सटक वनाउन भनि मंसिरदेषि मधेसवाट बेलदार झिकाइ राषेछ ६०।५० वेलदार हामीले पनि देष्यु अरू अरू पनि आउछ भंछं भनि येहि विस्तारको षवर ल्यायाछं रुद्राक्षको फर्मासिको मेहर भयाको लालमोहर वक्सी पठायाको हो लालमोहर आयेदेषि रुद्राक्षका वारि गाछगाछैमा सिपाहि राषि टिपाउन्या वटोल्न्या काम गरियो यो साल रुद्राक्ष फल्न्या फुल्न्या वषत जेठ असारमा वर्सादि नहुंदा ठुला दाना फलेनछं जो भया मिल्यासंमका दाना चह्राइ पठायाका छं अरुणपुर्व कंपुलाई ठेक भयाको गाउघरको ९४ सालको असुल भयामध्येको र झारामध्येको गरि रुपैयां १६००० पुर्जिका तपसिलवमोजिम पौष सुदि ८ रोज ४ को मितिको रवाना गरि चह्राइ पठायाका छन् अरू वाकि रुपैयां षेत षुवा झाराका तहसील हुदैछ तहसीलमा असुल भया भयाका रुपैयां चह्राइ पठाउदै गरूला छ मुषि ५ मुषि रुद्राक्ष दाना ठुला भन्या छैनं जो भयामाफिकका ५।६ मुखि पनि चह्राइ पठाउ कि जो हुकुम सुषिम धर्मातिरको षंषवर बुझन्या कुरालाइ फेरि पनि मानिस पठायाका छं जो जो षवर आउला विंति गरि पठाउला ईति सम्वत १८९४ साल मिति पौष सुदि १२ रोज १ मुकाम धनकुटा शुभम् – –

ईत सेवक वषतावरसिं भडारीको कोटी कोटी कुर्नेस डंडवत् डंडवत् डंडवत् – – – –

—०—

नं. १८०

अर्जि – – – – – – – – – –

उप्रान्त काशिवाट विरामि हुनाले अमल्दार सरुप षत्री र मेरो केटो २ जना गाडि चढाइ हिडाउदा आगरादेषि ५ कोस उत्तर षनौलिमा वस्याका राति सगै आउन्या गुजराति ब्राह्मन लछिमिनाथलाइ सरुप षत्रिले षुकुरि झिकि दाहिना हातमा हानेछ अर्दलि नारान थापा र म २ जना जुदै वस्याका थियौं उसलाई पकडि सोद्धाहुंदि मेरा साथि २ जना जितमान षड्का नारान थापा छन् भनेछ र हामिलाइ पकडि थानामा लगिराष्यो उतावाट आगरा सवैलाइ लैगइ सरुप षत्री उसैको भान्स्या ब्राह्मण २ जना असपत्तालमा राष्या ४ दिनपछि वाहुन मऱ्यो मेरो घोडा पनि मऱ्यो भनि

हामिलाइ सुनाथा दिन ४५ पछि आषाढ सुदि ११ मा हामिहरूलाइ छाडिदियो सरुप षत्रिलाइ झेलषानाका असपतालमा राष्याको छ दिनका फलले र सगिका गर्नाले यहासम भयो अव ४ दिनपछि जैपुर हिड्छौ सर अपसर माफ राष्याजावस् इति सम्वत् १८९४ साल मिति श्रावण वदि १२ रोज ७ मुकाम लाहोरि दर्वाज शुभम् – – – –

सेवक जितमान षड्काको सलाम सेवा :

–।–

नं. २२९

अर्जि – – – – – – – – – –

उप्रान्त श्रावण सुदि ९ रोज ५ का दिन वक्स्या गयाको ........ भाद्र वदि ५ रोज १ का दिन पाइ सिर चह्रायां याहांको हालसुरत श्रावण सुदि १५ रोज ४ का मितिमा चह्राइ पठायाका अर्जिले जाहेर भयाहोला आषाढ वदि १२ रोज ५ का मितिमा चह्राइ पठायाका अर्जिको पहुच नआउदा हजूरमा गुजऱ्यो गुजरेन भन्या सन्देह रहन्छ र विन्ति चह्राइ पठायाको छ भाद्र वदि ६ रोज २ का दिन अंरेजका वादसाहका जन्मोत्सवका षुसिको याहां नवाव गवर्नर जनरल वहादुरका घर्मा नाचको मजिलिस हुदा वोलाहटबमोजिम म गयाको थियां लषनौ नागपुर जैपुर जोधपुर मुर्सिदावाद इत्यादि सब जगाका वकीलहरू र कल्कत्ताका भलाआदमि हिन्दु मुसलमान ठुला सौदागरहरू हाजिर थिया १० घरि रात जादा नवाव गवर्नल जनरल मजिसिलमा आया पैह्ले अंरेजहरूसित मुलाकात गरि हिन्दुस्तानिहरूसित मुलाकात गर्दा पैह्ले मौलवि कर्मंहुसेन षां लषनौका वकिलसित मुलाकात भै साहव पर्सीयांन सिक्रुटरिका मार्फत षैर्वाफयत सोध्यापछि मसित मुसाकात भयो हजूरका मिजाज मोवारकको षैर्वाफियत साहव सिक्रुटरिका मार्फत सोध्या मैले पनि हजूरका तर्फवाट अंरेजका वादसाहका मिजाज मोवारकको र नवाव गवर्नर जनरलका मिजाजको षैर्वाफित सोध्यां आपना तर्फवाट जन्मोत्सवका दिनको मोवारकवाद दि दुबै सर्कार्मा एस्तै तरहको षुसि र दोस्ति सदा सर्वदा रह्या दुनियांमा वहुत सल्तनत रहन्छ तसर्थ दुवै सर्कारको दोस्ति र एस्ता षुसिको मजिदिस् सदा सर्वदा बाहाल वरकरार रहोस् भन्या पासियान सिक्रुटरिले अंरेजिमा बुझाया नवाव गवर्नर जनरलले मेरा तर्फवाट वहुत वहुत सलाम हजूरमा लेषियठाउनु दुवै सर्कारका दोस्तिमा हामी वहुत षुसि छौं भन्न लाया आगे पर जो हालसुरत होला विन्ति चह्राई पठाउला आजको हालसुरत विन्ति चह्राइ पठायाको छ इति सम्वत् १८९४ साल मिति भाद्र वदि ७ रोज ३ मोकाम कल्कत्ता वडिवाजार दर्माहट्टा शुभम् – – – – – – – – – –

सेवक लोकरमणोपाध्यायको वेदोक्त पुराणोक्त सहश्रकोटि सुभाशीर्वाद शुभम् – – – – –

–।–

नं. ३७३

अर्जि – – – – – – – – – –

आश्विन सुदि ८ रोज ७ का दिन दफतर्षानाको मामुलि दर्वार्भयो मेगनाटन साहव सिक्रुटरिले हजूर्का मिजाज मोवारकको षैर्वाफियत सोध्या दस्तुर्माफिक षैर्वाफियतको जवाव दियां साहव सिक्रुटरि सर्वैसित विदा भया म नवाव गवर्नर जनरल बहादुर्का साथ जान्छु फार्सि दफतर्षानाको काम थोथि प्रेन्चिसप लाहवका सपुर्द भयाको छ अर्का मैह्लादेषि दर्वार्को काम उनै गर्नान् भनि मसित एति कुरा गरि विदा भया आश्विन वदि १० रोज ५ का दिन दिल्लिका वादसाह महम्मद अकवर्सानि मऱ्याछन् उसै दिन उन्का छोरा अबु मुजफर मिर्जा तष्तमा वस्याको षवर याहां कलकत्तामा आइपुग्यो कार्तिक वदि १ रोज ७ का दिन मर्‍र्या वादसाहका गम्का सलामिमा वर्षका १ फएर्का हिसावले ८२ तोपको फएर भयो उन्का छोरा तष्तमा वस्याका वादसाहि सलामिको २१ फएर तोपको सलामि भयो । नवाव गवर्नर जनरल कार्तिक वदि ७ रोज ६ का दिन धुवाका जहाजमा सवार्हुन्याछन् अष्टमी रोज ७ का दिन धुवाको जहाज षुलन्या षवर्छ याहां अलकजन्दर्रास साहव औवल कौसलि थिया उनै गवर्नर जनरलका नाएव हुन्याछन् याहां अंरेजि फार्सि अषवारमा नेपालमा अंरेजसित लडनाको तयारि भयाको छ नवाव गवर्नर जनरल कम्यान्डर इनचिफ जनरल सर्हिनरिफेन साहवसित वनारसका मोकाममा मुलाकात भयापछि सल्लाह गरि फौजका वन्दोवस्तको हुकुम दिनन् भन्या षवर छापा भयाको छ हजूरमा नजर हुना निमित्त

फार्सि अखवार्को कागज चह्राइ पठायाको छ मोलाहिजा फर्माइवक्स्यागया जाहेर्होला नवाव गवर्नर जनरलको कुंच भयापछिको हालसुरत पछि विन्ति चह्राइ पठाउला इति सम्बत् १८९४ साल मिति कार्तिक वदि २ रोज १ मोकाम कल्कत्ता बडिबाजार शुभम् – – – – – – –

सेवक लोकरमणोपाध्यायको वेदोक्त पुराणोक्त सहश्रकोटि सुभासीर्वाद शुभम् – – – – – –

–।–

३९१

खबर दिल्लीकी । हजूरवाला बदस्तुर विचकिलेके तशरीफ रखते है । हजूरने हुकुम दिया है । भिर्जादारा बष्तवली अहेदसे सिवाय जितने शाहजादे है और जितने अकबर शाईके पोते है सवको २।२ सौ रुपया दर्माहा मिलेगा । मंजूर है तो लो नहीं तुम्हारे मनमे आवे सो करो । अकबरावादसे मिर्जा सलेमा शिन्कोईकी अर्जी । तामस साहबकी अर्जीके साथ इस मजमूनकी आई है । जो माल असबाव कोठोमेसे निकला है सो माल नवाब कुर्सिया बेगमका है । उस्मे हक्क मेरा भी है । अगर मेरे हक्कको पहेचानकर माल असबाब मुझे इनायत करो तो बेहेतर है नही तो सदर कलकत्तेमे नालिश कर्के माल हजूरसे लूंगा । येह माल मेरी माका है । इसे कौन ले सकता है । तामससाहब अकबरावाद पहोचे । बडेसाहेबसे मुलाकात हासिल करी । दिल्लीसे अन्न अकबरावादको फेर जाने लगा है । एक साहब अंगरेज कौसलवाला दिल्ली मे आया था । सो दिल्लीकी सैर कर्के बनारसको कूंच कर गया । कलकत्तेमे आवनेकी जल्द लगरही है । लाट सर हिन्रीफिनसाहेब सिपैसालार सपाटूसे आनकर । हाँसीमे मुकाम किया है । जैपुर जानेका इराइदा है । पहले सदरसे मेखजीनखानेमे हुकुम आया था । २०० तौप ऊंठकी तयार करो । उसमेसे मेजर पीयूसाहेबने २ तोपें तयार कर्के सिपेसालारको दिखाईथी । सो लाटसाहेब ऊंठोकी लगी हुई तोपका काम देखकर बहोत खुश हुवे है । गरीबपर्बर मेरे मारवाड देशकी पृथ्वीमे जो ऊंट काम देता है सो और दुसरा जानवर काम नही देता है । एक जोगी फकीर दिल्लीके बाहर आनकर बैठाथा हजार पाँच सौ आदमी उसने नौकर रखेथे । येह बात कहाथा । कलके रोज परैट देखकुर दुमाहेकी तनखा मै सबको देदूंगा । येह खबर तिरंचसाहेब जजको पहोची । उसी रातको फकीर भाग गया । दूसरे रोज साहेबने उसे बहोत तलाश किया फकीर तो नमिला मगर जिस मुन्सीने सब आदमीका नाम लिखा था । उसे चपडासी पकडकर लेगये । जजसाहेबने उसे हवालातमे भेजदिया । पहेले परमटमे ७ रुपै सैकडा पशमीनेपर महसूल लगता था । अब सदरसे हुकुम आया है जितना तोलमे दुशाला रूमाल होवे । सवा रुपै सेरके हिसाबसे लियाकरो । दुशाला कीमतसे एक हजार रुपैका होवै । और तौलमे दो सेरका होवे । उस्का महसूल २।। रुपै लगेगा । इसीमाफिक हुकुम परमीटकी कचहेरीमे जारी हुवा है । खबर जैपुरकीसे मालूम हुवा कलकत्तेसे लाटसाहबका खलीता बाबत शाहलंधनके मरनेके । और भतीजी उस्की तष्तपर वैठनेकी । राजके नाम पहुंचा । तीन रोजतलक नौबतका बजना मौकूफ रहा । बाद तीन रोजके शलकसली तोफखानेकी हुई । राजावाटीमे हरेक रमजेलोगके नाममाफिक दस्तूरके खलीते इसी मजमूनके पहोंचते है । आइन्दे जैसा हाल गुजरेगा सो बन्दा अर्ज करेगा । जान अजान कुसूर माफ होवे । सं. १८९४ मार्गशिर वदि ६ रोज ७ शुभम् – – – – – – – –

–।–